www.newsok.com.np @newsok.com.np @newsok_bhw

सम्बृद्ध नेपाल, तपाईंको समाचार, तपाईंको पत्रिका

# न्यूज ओके

NEWS OK NATIONAL WEEKLY




वर्ष-१, अंक-२ | सिद्धार्थनगर, भैरहवा | २०७३ साउन १३ गते बिहीबार (28 July, 2016 Thursday) | पृष्ठ-८ | मूल्य : निःशुल्क


म आज आफ्नै जातबाट घाइते भएँ — विविध समाचार २


दूध उत्पादनमा आत्मनिर्भर रुपन्देही — अर्थान्तर ३

पूर्णिमाको प्रति शेयर आम्दानी ३२ रुपैयाँ — बैंक वित्त/सहकारी/बजार ६


Nawayug Shrestha and Phupu Lhamu Khatri: the best players' awards. — English Page ७

# नगरपालिकाको कामप्रति सिद्धार्थनगरबासी आक्रोसित

## अर्को सालको वर्षासम्म धेरै समस्या समाधान हुन्छ : नगरपालिका

## विश्वास गर्ने आधार हुनुपर्‍यो : नगरबासी

**मनोरञ्जन शर्मा**
भैरहवा ।



पछिल्लो एकसाता देखी सिद्धार्थनगर नगरपालिकाको कार्यालय र त्यहाँबाट हुने कार्य सम्पादनका विषयलाई लिएर नगरबासीहरू आक्रोशित बन्दै गइरहेका छन् । बिशेष गरी ढल-नाला निकास र बिग्रिएका शहरी सडकलाई लिएर नगरबासीहरू दिनहुँ आक्रोशित भइरहेका हुन् ।

नगरबासीहरूले आफ्नो आक्रोशलाई टेलिफोन गरेर, कार्यालयमा ज्ञापन पत्र बुझाएर मात्र नभई बिभिन्न सामाजिक संजालहरू मार्फत् आफ्ना अभिब्यक्ति सार्बजनिक गर्ने क्रम पनि बढेको छ ।

तीन दिन अघिमात्र नागरिक सरोकार मञ्चले ढलनिकास, भित्रि सडक र नगरपालिका क्षेत्रमा एशियाली बिकास बैंकको अनुदानमा भइरहेको बिकास निर्माणको कामप्रति असन्तुष्टि जनाउँदै ज्ञापन पत्र बुझाएका छन् ।

छिमेकी शहर बुटवल उप-महानगरपालिका बनिसकेको छ । स्थानीय बिकास मन्त्रालयबाट कार्य सम्पादनका आधारमा गरिने मुल्यांकन अनुसार नेपालको उत्कृष्ट नगरपालिका बनेको छ । तर सिद्धार्थनगर नगरपालिका आफै बिरामी परेको छ, ढलनाला, भित्री सडक सबै बिरामी अबस्थामा छन्, नागरिक अगुवा बिजय गोबिन्द श्रेष्ठ भन्छन्, हामी आजित भइसक्यौ, कति ज्ञापन पत्र बुझाउन जाने, कति बिरोध गर्ने, श्रेष्ठले भने । यो हप्ता हेर्नुस् नगरका कति भाग जलमग्न भए, ढलनाला छाडेर पानी सडकबाट बग्छन्, कहीलेसम्म यो दुर्गती हो ? बाटो हेर्नुस् उस्तै छ । मेडिकल कलेज जाने बाटो हेर्नुस्, आफै बिरामी छ । कति सकस भएको होला बिरामीहरूलाई त्यो बाटोमा उनले प्रश्न गरे । कम्तिमा अर्को ब्यबस्था नहुँदासम्म भत्केका सडकमा गिट्टी-छर्री हालेर खाल्टो पुर्न त सकिन्छनी, श्रेष्ठले आक्राशित हुँदै भने ।

श्रेष्ठको भनाईप्रति सहमती हुँदै नयाँ शक्तिका सिद्धार्थनगर संयोजक एवं युवा व्यवसायी सञ्जय बजिमय भन्छन्,- नगरपालिकाले गर्न नसक्ने भन्ने होईन, हामी आशाबादी छौँ, तर दृढ ईच्छा शक्ती बोकेर काम गर्नु पर्‍यो । ठेकेदारको काम हो भनेर पन्छिन् मिल्दैन्, नाला बनाउने ठेकेदारले नालामा ढक्कन लगाउँदा त्यहाँ भित्र रहेका फोहरबस्तु निकालेर ढक्कन लगाउने काम आफ्नो होईन भन्छ, यस्तो अबस्था छ, हामी सबैको भन्ने भावना आउनु पर्‍यो, बजिमयले भने । एशियाली बिकास बैंकको परीयोजनाको प्रथम चरण सकिन एक वर्ष पनि छैन, तर काम आधा भन्दा सकिएको छैन्, बजिमयले भने- नगरपालिका, ठेकेदार, नगरबासी सबैले यो काम त्यस्को, उस्को नभनि हामी सबैको भन्नुको बिकल्प छैन् । नत्र अब हामी धेरै पछी पर्छौं ।

श्रेष्ठ र बजिमय त प्रतिनिधि पात्र मात्र हुन् । नगरपालिकाको कामको बारेमा कोही पनि सन्तुष्ट छैनन् अहिले । हामीले कर तिरेको छौँ भन्नु पनि बेकार छ भन्न लागेका छन् नगरबासीहरू ।

तर नगरबासीले भनेझै केही गर्दै नगरेको भने होईन भन्छन्- सिद्धार्थनगर नगरपालिकाका निमित्त प्रमुख एबं बरिष्ठ ईन्जिनियर शैलेन्द्र श्रेष्ठ । हामीहरूले काम नगरेका होईनौ, धेरै कामहरू भएको छ । ढलनालामा धेरै सुधार भएको छ । परियोजना अनुसार कुल ३० किमी लम्बाईको नाला बनाउनु पर्नेमा अहिलेसम्म ७० प्रतिशत सकिएको छ । तर सडकमा भने ढिलाई भएकै हो, हामीहरू सबैले ध्यान ढलनालामा दियौ, त्यसैले १० किमी मध्ये जम्मा २ किमी सडक मात्र बनाउन सकेका छौ । तर बाँकी काम समयावधिमा सक्ने लक्ष्य छ, श्रेष्ठले भने ।

हामी पुरै त भन्दैनौ तर अर्को सालको वर्षा महिनामा अहिले जस्तो दुःख नगरबासीले खेप्न पर्दैन्, त्यति बेलासम्म धेरै सुधार हुन्छ, उनले भने ।

अहिले बनेको नालामा ३ करोड लिटर पानी अट्छ । तर समथर जमिन भएकाले पानीको बहाब निकै कम हुन्छ नालामा त्यसैले धेरै बर्षा हुँदा नाला छिटो भरिने गर्दछ । सबै नालाको निकास डन्डा नदी र घाघरा नदी हो । दुबै नदीको सतह बड्ने बित्तिकै नालाबाट बग्ने पानीको बहाब त्यसै कम हुन्छ, जुन कारणले नाला बाहिर पानी निस्कन्छ, ईन्जिनियर श्रेष्ठले भने । अहिले पक्की नाला २० किलो मिटर तयार भैसकेको छ ,पक्की नाला भएको ठाउँमा समस्या छैन्, निमित्त प्रमुख समेत रहेका श्रेष्ठले दाबी छ ।

अहिले समस्या देखिएको हाटबजार, डाँडा गाँउ, ज्योतिपथ, जनतापथ, हिमालीपथ, गल्लामन्डीको केही भाग लगायतका स्थान हो, यो स्थानमा पनि नाला निर्माण पछी समस्या रहँदैन । तर हिमालीपथ, ज्योति पथ र भैरहवा गाउँसहितका क्षेत्रमा भने एडिबीको दोश्रो चरणको अनुदानको कार्यक्रममा बल्ल निर्माण सुरू हुन्छ, श्रेष्ठले भने- वर्षैभरी जलमग्न क्षेत्र डुबान नहुने भन्ने होईन, बर्षाको समयमा ५/६ दिन मात्र त्यस्तो समस्या देखिएला तर दिनभरी डुबान हुने, जलमग्न हुने समस्या भने हुँदैन्, उनले दावी गरे ।

अर्को बर्षाको समयमा हेर्नुहोस् धेरै सुधार हुन्छ र हामी गर्छौं पनि, श्रेष्ठले दाबी गर्दै भने- शहरी बाटोहरू बिरामी भएको स्विकार गर्छु, हामीहरू लागी परेका छौं, सडकको दायाँबायाँ बिद्युत् पोल समयमा नसार्दा पनि बिलम्ब भएको छ । बिद्युतलाई भन्यो सुन्दैन्, समस्या सबैमा छ, उनले भने । तर अहिले बाटाका खाल्डा पुर्नका लागी बालुछर्री खसाउने काम सुरू गरिसकेको उनले बताए ।

नगरपालिकाले यी सबै कुराहरूमा आस्वस्त पार्ने प्रयास गरे पनि नगरबासीहरू भने आस्वस्त हुन सकिरहेका छैनन् । नगरबासीहरू भन्छन्,- तोकिएको समयमा गुणस्तरीय काम पहिला नगरपालिकाले गरेर देखाओस् अनि भनौला । त्यस्का लागी अर्को सालको बर्षा भने कुर्नै पर्दछ ।

### सातभरीको सुनचाँदीको मूल्य

रुपन्देही

| बार/गते | सुन | चाँदी |
|---|---|---|
| बुध, साउन ६ गते | ५८,७०० ।- | ९०५ ।- |
| मंगल, साउन ७ गते | ५८,७०० ।- | ९०५ ।- |
| सोम, साउन ८ गते | ५९,००० ।- | ९२० ।- |
| आइत, साउन ९ गते | ५८,९०० ।- | ९२० ।- |
| शनि, साउन १० गते | ५८,९०० ।- | ९२० ।- |
| शुक्र, असार ११ गते | ५८,९०० ।- | ९१५ ।- |
| बिही, असार १२ गते | ५८,९०० ।- | ९१५ ।- |

मूल्य/प्रति तोला (११.६६४ ग्राम=१ तोला)

सौजन्य: पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवा
फोन: ०७१-५२१२३३






**दोषी को ?** निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्र हुँदै बग्ने घागरा खोलालाई फर्काउन बनाइएको डाईभर्सन (नयाँ खोला) को छेउको भाग निर्माण सम्पन्न नहुँदै दुई दिन अघिआएको वर्षातले भत्काइदिएपछि त्यहाँ प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तरीयतामा नै प्रश्न चिन्ह खडा भएको छ । *तस्वीर: **न्यूज ओके***

# बुटवलमा मेडिकल कलेज स्थापनाका लागि कार्यप्रारम्भ

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

ब्यापारीक नगर बुटवलमा नेपाल सरकारले मेडिकल कलेज स्थापनाको लागि कार्य प्रारम्भ भएको छ । सरकारले बजेटमा एक प्रदेश एक सरकारी स्तरको मेडिकल कलेज स्थापना गर्ने अवधारण ल्याएको थियो । सोही अनुरूप प्रदेश नं. ५ को बुटवलमा मेडिकल कलेज स्थापनाका लागी आबश्यक काम सुरू गर्ने प्रयोजनका बिभिन्न कार्यादेश तोकी शिक्षा मन्त्रालयले बरिष्ठ चिकित्सक प्राध्यापक डा. शरोज प्रसाद ओझा संयोजक रहेको प्रारम्भिक कार्यसमित गठन गरेको छ ।

मन्त्रालयले यहि असार २७ गतेको मन्त्री स्तरको निर्णय बमोजिम २ महिनाको कार्यअवधि तोकेर कार्यसमिति गठन गरेको जनाएको छ ।

सरकारले गत जेठ १९ गते आर्थिक बर्षको बजेट घोषणामा अर्थमन्त्री बिष्णु प्रसाद पौडेलले बुटवलमा मेडिकल कलेज स्थापना कार्य प्रारम्भ हुने घोषणा गरेका थिए । सोहि अनुसार मेडिकल कलेज स्थापना कार्य प्रारम्भ गर्ने प्रयोजनका लागि डा ओझा संयोजक रहने गरि सदस्यमा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी, शिक्षा शिक्षा अधिकारी, बुटवल उपमहानगरपालीका कार्यालय बुटवल, लुम्बिनी अंञ्चल अस्पतालका अध्यक्ष डा. प्रायश्चित श्रेष्ठ, प्राबिधिक बिज्ञमा इन्जिनियर दुजेन्द्र बस्नेत, ब्यवस्थापन बिज्ञको रूपमा लुम्बिनी बाणिज्य क्याम्पसका प्रमुख डा. इश्वर गौतम र कानुनी बिज्ञमा अधिवक्ता बिनोद गौतम तोकिएका छन् ।



उक्त कार्यसमितिले सरकारी मेडिकल कलेज स्थापना गर्न जग्गा तथा अन्य भौतिक पूर्वाधार पहिचान गरि भोगाधिकार प्राप्तीका लागि सरकार समक्ष सिफारिस गर्ने छ ।

**(बाँकी २ पेजमा)**








# एक्लै पाँच गोल

जेसिआई सिद्धार्थ र जगर्श ग्रुप, भैरहवाबीच कृषि क्याम्पसमा भएको मैत्रीपूर्ण फुटबल खेलमा एक्लै पाँच गोल गरेका दीपेन्द्र श्रेष्ठ। उनी जेसिआई सिद्धार्थका पूर्व अध्यक्ष तथा पूर्व राष्ट्रिय फुटबल खेलाडी हुन्।

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# संसदमा प्रधानमन्त्री ओलीले जे बोले

प्रधानमन्त्री ओलीले २०७३ साल साउन ९ गते साढे पाँच बजे सुरु गरेर साढेँ सात बजेसम्म संसदमा गरेको सम्बोधन मार्फत जाँदाजाँदै भने- काटिँदै गरेको रूखले भनेछ ( मित्र, बञ्चरोले काटेको भनेर म रोएको होइन। देख्यौ ? मेरैजातको हाँगोले बञ्चराको बिँडको काम गरिरहेको छ ! म आज आफ्नै जातबाट घाइते हुनुको पीडाले रोइरहेको छु।)



मुलुकलाई सधैं भरि अस्थिरताको भुमरीमा फसाइरहने र धमिलिएको पानीमा माछा मार्न खोज्ने पक्षहरू सलबलाइरहेकै छन्।

सहयात्रा इमान्दारीले चल्छ। यदि एजेण्डा, उद्देश्य र प्राथमिकता भिन्नै छन् भने बरु आ आफ्नो बाटो रोजौं, तर संयुक्त सरकारमा बसेर त्यसकै जरा काट्ने काम नगरौं

सहमती ? कोपिला लागेको बोट निमोठेर फल जम्मा गर्ने यो कस्तो दाबी ? अँकुराउन थालेको धान खेतीमा डोजर लगाएर मंसिरमा बाली स्याहार्ने यो कस्तो घोषणा ?

सरकार बिरुद्ध अविश्वास प्रस्ताव ल्याउने मित्रहरू मध्ये एक थरि बन्दुकद्वारा नै राज्यसत्ता कब्जा गर्छु भन्ने मान्यतामा हिँडिरहनुभएको थियो। अर्काथरि टाउकोको मूल्य तोक्दै बन्दुकबाटै ठेगान लगाउँछु भन्दै हिंड्नुभएको थियो।

मैले कसैले भन्ने गरेजस्तो नेपाललाई सिंगापुर बनाउँछु भनेको छैन। कसैले सपना देखाए जस्तो स्वीट्जरल्याण्डको सपना पनि देखाएको छैन। नेपाललाई अझ सुन्दर र समृद्ध बनाउने सपना देख्नु पनि गल्ती भयो ?

***(प्रधानमन्त्री ओलीले साउन ९ गते व्यवस्थापिका संसदमा राखेको मन्तव्यको सारसंक्षेप।)***

## के.आई. नेपालको सक्रियता

# वैदेशिक रोजगारीमा हिंडेका ३७ सय ९६ लाई सिमानाकामा परामर्श

***न्यूज ओके रिपोर्टर***

*भैरहवा।*

अबैधानिक तरिकाले स्थल मार्ग हुँदै खाडी तथा तेश्रो मुलुकमा रोजगारमा जाने बढेपछि बेलहिया( भैरहवा) स्थित सिमानाकामा मानव बेचबिखन विरूद्ध कार्यरत संस्था के.आई.नेपाल रूपन्देहीले आफ्नो सक्रियता बढाएको छ।

रोजगारीका नाममा भारत हुँदै खाडी जाने महिलाहरू समेत बढ्न थालेपछी के.आई.ले आफ्नो सक्रियता बढाएको हो। अबैधानिक तरिकाले भारत हुँदै खाडी लगायतका मुलुकमा सिमानाकाको प्रयोग गरी दलाल मार्फत लैजाने गरेको पाइयो,धेरै भारतमा जाने भन्दै हिँड्छन्,दलालले सिकाए अनुसार बोल्छन्, त्यस्ता महिलाहरू रोजगारीका लागी विदेशमा गएर पनि बेचबिखन, यौन शोषणमा पर्न सक्ने अधिक संभावना हुन्छ, के.आई.नेपालकी रूपन्देही संयोजक तारा सापकोटाले भनिन्। महिलाहरू बढी जोखीममा पर्न सक्ने भएकोले सिमामा परामर्श,सोधपुछ लगायत विभिन्न कार्य मार्फत् सक्रियता





बढाइएको सापकोटाले जनाइन्।

हामीहरूको संस्थाले गत आर्थिक वर्ष २०७२/७३ मा रोजगारीको नाममा जोखीम मोलेर भारत तथा भारत हुँदै खाडी तथा तेस्रो मुलुक जानलागेका ३ हजार ७ सय ९६ जनालाई किशोर परामर्श दिइएको छ, सापकोटाले भनिन्।

ती मध्ये घरपरिवारको सल्लाह बिना जान लागेका २ सय ६१ जनालाई सुचना तथा परामर्श पछि अभिभावकको जिम्मा लगाएको छ। दलालको विश्वासमा परी बेचबिखन तथा यौन शोषणमा पर्न सक्ने बढी संभावना भएका २ सय २२ जनालाई थप अनुसन्धानको लागी प्रहरीको जिम्मा लगाइएको सापकोटाले बताइन्।

अघिल्लो वैशाखमा गएको महाभुकम्पका कारण आफन्त गुमाएका तथा घरबार बिहीन भएकाहरू बाध्यतावस असुरक्षित रूपमा भारत तथा भारत हुँदै खाडी तथा तेस्रो मुलुक जाने क्रम बढेको हो।

के.आई. नेपालका अनुसार अरू बर्षको तुलनमा भुकम्प पछि असुरक्षित रूपमा रोजगारीको नाममा बिदेशीने किशोरी तथा बालबालिकाहरूको सङ्ख्या बढेको छ। भुकम्प प्रभावित जिल्लाहरू मकवानपुर, सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट, काभ्रे, गोरखा लगायतका छन्।

आर्थिक वर्ष २०७२/२०७३ मा मानव बेचखिन विरूद्धका ४ वटा मुद्धा दर्ता गराइएको संयोजक सापकोटाले जनाइन्। रोजगारीको प्रलोभन देखाएर किशोरीहरूलाई बेचबिखन गर्ने उदेश्यले भारत लैजान लागेका उनीहरूलाई प्रहरीको सहयोगमा पक्राउ गरी मुद्धा दर्ता गरिएको हो। सिमाबाट उद्धार गरिएका आठ जनालाई संस्थाले संचालन गरेको सिपमुलक तालिमको लागि तालिम केन्द्रमा पठाइएको समेत कार्यालयले जनाएको छ।

मानव बेचबिखन तथा ओसार पोसारको विरूद्धमा कार्यरत के.आई नेपालले बिदेश जानेलाई सिमामा सुचना तथा परामर्श सेवाका साथै तालिम तथा सचेतना मुलक कार्यक्रमहरू गर्दै आएको छ।

# नेपालीले बनाए अमेरिकामा हिन्दु मन्दिर

## *रुपन्देहीका १२ घरधुरीको सक्रियता*

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

समुदाय र संख्या सानो हुँदैमा उनीहरुको आट र विश्वास कदापी सानो बन्न सक्दैन्। यो कुरालाई अमेरिकाको टेक्सास राज्यको सानो शहर टेक्सारकानामा रहेका भैरहवा छपिया र बुटवलका गरी १२ घर धूरी समुदाय बसोबास गरिरहेकाहरुले प्रमाणित गरेका छन्। यी १२ परिवारको आँट हजारौं बराबरको रहेको छ।





भैरहवा जन्मघर रहेका युवा व्यवसायी सुनिल पोखरेलको अगुवाईमा त्यहाँ एउटा हिन्दू मन्दिर स्थापना गर्न सफल भएका छन्। सुनिलले त्यहाँ रहेको ६ सय २० घर धूरी भारतीय मुलुकालाई समेटेर हिन्दु मन्दिर बनाएका हुन्।

त्यहाँ रहेको पुरानो चर्चलाई (१ लाख ४० हजार डलर जम्मा गरी) खरीद गरेर यसलाई हिन्दु मन्दिरमा परिवर्तन गर्न उनि सफल भए। मन्दिरका लागि भवन खरीद गरे लगतै भारतीय र नेपाली समुदायले अर्को ८० हजार डलर जम्मा गरेर २५ हजार डलरमा भारतको जयपुरबाट राम, कृण्ण, शिव, पार्वती, गणेश आदीको मूर्ती मगाएर मन्दिरलाई बैदिक विधि अनुसार मन्दिरको प्राण प्रतिष्ठा समेत सम्पन्न गरे। यि सबै कार्यका लागि सुनिललाई सुशिल गौरीयार नामका अर्को भारतीयले ठूलो सहयोग गरे।

मन्दिर सञ्चालनका लागि अहिले एउटा कमिटी समेत गठन भएको छ।

६ एकड भूमि अर्थात् करीब ५ बिगाहा पक्की भूमि रहेको मन्दिर परीसरमा ताल र बीचमा भगवान बुद्धको मुर्ती स्थापना गर्ने योजना छ। करीब ७ कोठाको मन्दिरमा पुजा हल हिन्दू संस्कृति पढाउने सानो २ वटा कक्षाकोठा समेत रहेको र सभा सम्मेलनका लागि हल समेत छ। मन्दिरको पुजाका लागि नेपाली मुलुकका एकजना विद्धवान पण्डित राखिएको छ।

यि सबै कार्यमा छपियाका उनका ससुरा विष्णु घिमिरेले समेत साथ दिएका छन्। विण्णु घिमिरेका अनुसार अब एउटा सानो हिन्दु संस्कृति अध्ययन गराउने विद्ययालय स्थापना गराउने योजना छ। त्यस्तै सानो खेल मैदान पनि भविष्यका योजना हुन हाल भारतीय र नेपाली समुदायका बालबालिका शनिबार र आइतबार बैदिक मन्त्रोचारण गरी गीत, पाठ, हनुमान चालीसा बायन गर्छन्। प्रत्येक घरमा पुजा कोठा छ र बालबालिका अभिभावकसँग दैनिक पुजा र बैदिक मन्त्रोचारण गर्छन्। घरमा हिन्दु संस्कृतिसँगै भारतीय नेपाली दुवै समुदायका बच्चाहरुले प्रष्ट सँग आ आफ्ना भाषा बोल्ने गर्छन् सुनिल पोखरेल भन्छन् १२ घरका ४५ नेपाली छौं कसैको व्यवसाय छ, कोही कामदार छन्। हाम्रो इच्छा नेपाली समुदाय बढाउने हो। उनी थप्छन्, नेपाली आए काम खोजी दिन्छौं, व्यवसाय गर्न चाहे सल्लाह र परामर्श दिन्छौं। ठूलो शहरमा रहेका नेपालीहरुको यो सानो समुदायले गरेको कामलाई सबैले सह्राना गर्नुपर्छ।

*(अमेरिकाबाट आएका लुम्बिनीका प्रचारक एवं अभियन्ता चेतन पन्तसँग गरिएको कुराकानीको आधारमा तयार गरीएको)*

# रूपन्देहीका संघसंस्था जुटे राहत वितरणमा

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

अविरल बर्षाका कारण साउन ६ गते रोहिणी नदिमा आएको बाढीबाट प्रभावितहरूका लागि राहत वितरण गरिएको छ। रूपन्देहीको पट्खौली गा.वि.स.का बाढीबाट प्रभावित २ गर्भवती महिलाका परिवार सहित १८ परिवारलाई चामल, दाल, तेल, नुन, चिनी, कम्मल, कपडा, भाडाकुडा लगायतका राहत सामाग्री हस्तान्तरण गरिएको थियो।



बाढीपीडितलाई राहात प्रदान गर्दै प्रजिअ विष्णुप्रसाद ढकाल, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष रामकुमार शर्मा, उद्योग व्यापार संगठन, रुपन्देहीका निवर्तमान अध्यक्ष खिमबहादुर खत्री लगायत।

त्यस्तै बाढीबाट पीडीत बसन्तपुर गा.वि.स.का ५ घर परिवारलाई पनि राहत प्याकेज हस्तान्तरण गरिएको छ। जिल्ला दैविक प्रकोप व्यवस्थापन समितिका अध्यक्ष तथा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद ढकालले यो प्रथम चरणको राहत हस्तान्तरण भएको भन्दै सरकारी तवरबाट पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

जिल्ला दैविक प्रकोप व्यवस्थापन समितिको अगुवाईमा गरिएको राहत वितरण कार्यक्रममा सिद्धार्थ उद्योग बाणिज्य संघ, उद्योग व्यापार संगठन रूपन्देही, नेपाल रेडक्रस सोसाइटी रूपन्देही शाखा, नमुना एकीकृत विकास परिषद रूपन्देही, वर्ल्ड भिजन इन्टरनेशनल लगायतका संघ संस्थाहरूले सहयोग गरेका थिए।

कार्यक्रममा सहयोगी संस्थाका प्रतिनिधि, जिल्लाका ३ वटै सुरक्षा निकायका प्रमुख, स्थानिय संघ सस्थाका प्रतिनिधि सहित स्थानिय बासिन्दाहरूकोको बाक्लो उपस्थिती रहेको थियो। कार्यक्रमको सञ्चालन नमुना एकिकृत विकास परिषदकी अध्यक्ष ज्ञानु पौड्यालले गर्नुभएको थियो।

# हत्याको आशंकामा तीन पक्राउ

***न्यूज ओके रिपोर्टर***

बुटवल।

सैनामैना-५ रूपन्देहीमा मंगलबार बिहान मृत अवस्थामा फेला परेका एक युवकको हत्याको आशंकामा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

रूपन्देहीकै खडवा वनगाई-३ का अन्दाजी २८ वर्षीय मोहम्मद खानलाई प्रहरीले मंगलबार बिहान मृत अवस्थामा फेला पारेको हो। प्रहरीले खानको हत्याको आशंकामा खडवा बनगाईकै तीन जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान कार्य अगाडि बढाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले उक्त घटनामा संलग्न भएको आशंकामा ६० वर्षीय रामशंकर थारू, २० वर्षीय कृष्णकुमार थारू र २६ वर्षीय छोटेलाल थारूलाई नियन्त्रणमा लिएर अनुसन्धान प्रक्रिया अगाडि बढाएको जानकारी दिए।

मृत अवस्थामा फेला परेका खानको शरीरमा सामान्य चोटपटक देखिएको र पोष्टमार्टमको लागि लुम्बिनी अञ्चल अस्पतालमा शव राखिएको कार्कीले जानकारी दिए।

## बुटवलमा मेडिकल कलेज ...

त्यस्तै पुर्वाधार पहिचान तथा सम्भाब्यता समेतको अध्ययन गरि शिक्षा मन्त्रालयमा बिस्तृत अध्ययन प्रतिवेदन पेश गर्ने र स्थानिय स्तरमा समन्वय गरि पुर्वाधार बिकासका लागि तयारि गर्ने गरि कार्यादेश तोकीएको मन्त्रालयले जनाएको छ।

अर्थमन्त्री पौडेलले गठित कार्यसमितले आफ्नो प्रतिवेदन मन्त्रालयमा बुझाएपछि मेडिकल कलेज स्थापनाको थप प्रक्रिया अगाडी बढ्ने प्रतिकृया दिएका छन्। उन्ले बुटवलमा मेडिकल कलेज स्थापनाको लागि चालु आर्थिक बर्षको बजेटमा प्राथमिकतामा राखिएकोले बजेट अभाव नहुने स्पष्ट पारे।

# रोटरी क्लबको २१ औं पदस्थापन सम्पन्न

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

रोटरी क्लब अफ लुम्बिनी सिद्धार्थनगरको २१ औं पदस्थापन कार्यक्रम भैरहवामा सम्पन्न भएको छ। कार्यक्रममा वर्ष २०१५।०१६ का अध्यक्ष किशोर जोशीले वर्ष २०१६।०१७ का अध्यक्ष खिम बहादुर कार्कीलाई पद हस्तान्तरण गरेका थिए।

वर्ष २०१६।०१७ का अध्यक्ष खिम बहादुर कार्कीको अध्यक्षता तथा डिष्ट्रिक गर्भनर ईलेक्ट संजय गिरीको प्रमुख आथित्यतामा सम्पन्न कार्यक्रममा डिष्ट्रिक ट्रेनर राजिव पोखेल , एजि हरि पोखेल , रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद ढकाल , सिद्धार्थनगर उधोग वाणिज्य संघका अध्यक्ष राम कुमार शर्मा , राष्ट्रिय व्यापार संगठनका अध्यक्ष नारायण भण्डारी , क्लबका पूर्व अध्यक्ष डा. शान्त कुमार शर्मा लगायतले बोल्दै वर्ष २०१६।०१७ का कार्य समिति पदाधिकारीहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए। रोटरी क्लब जहिले पनि समाज सेवामा सक्रिय रहने संस्था भएकाले आफ्नौ कार्यकालमा धेरै भन्दा धेरै कामहरू गर्न शुभकामना दिएका थिए। कार्यकममा नयाँ सदस्यहरूलाई राजिव हरि पोखेलले सफद गराएका थिए। क्लबमा १५ जना नयाँ सदस्य प्रवेश गरेका छन्। कार्यकममा वर्ष २०१५।०१६ का अध्यक्ष किशोर जोशीले आफनौ कार्यकालमा सहयोग गर्ने सम्पूर्ण सदस्य तथा सुभचिन्तकहरूलाई मायाको चिनो प्रदान गरेका थिए। कार्यकममा नयाँ कार्य समिति पदाधिकारीहरूलाई अध्यक्ष कार्कीले सफद गराएका थिए। कार्यकम वर्ष २०१५।०१६ का सचिव प्रकाश पोखेल र वर्ष २०१६।०१७ का सचिव देबी गुरूड.को संञ्चालन तथा कार्यकम संयोजक कमल ढकालको स्वागतमा सम्पन्न भएको थियो।

## समाचार संक्षेप

# नागरिकता लिन समस्या भयो : तेस्रो लिङ्गी

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

अझै पनि तेस्रो लिङ्गी नागरिकलाई नागरिकता लिनको लागि सहजता नरहेको तेस्रो लिङ्गी स्वयम्ले बताएका छन्।

निलहिरा समाज नेपालले भैरहवामा आयोजना गरेको कार्यक्रममा बोल्ने वक्ताहरूले यस्तो बताएका हुन्। रूपन्देहीमा नागरिकता लागि त्यति जटिलता नरहे पनि अन्य कतिपय जिल्लाहरूमा नागरिकताका विषयमा प्रमुख जिल्ला अधिकारीले नै स्वीकृति नदिने गरेको उनीहरूले बताएका छन्।

रूपन्देही जिल्लामा पनि करिब ८ हजारको हाराहारीमा तेस्रो लिङ्गीहरू समाजमा आवद्ध रहेपनि एकजनाले मात्र नागरिकता लिएको समाजले जनाएको छ। त्यस्तै नेपालभरीबाट जम्मा १ सय ५० जनाले मात्र नागरिकता लिएका छन्। त्यस्तै १५ जनाले पासपोर्ट बनाएको समाजको तथ्यांकमा उल्लेख छ।

नागरिकता बनाईसकेपछि पनि सरकारले समलिङ्गीलाई वैवाहिक मान्यता नदिँदा उनीहरू विवाह गरेर पनि औपचारिकता प्राप्त गर्न नसकेको निलहिरा समाजका परियोजना संयोजक मनिता न्यौपाने बताउँछिन्।

# पट्खौली पूर्ण खोपयुक्त घोषणा

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

रूपन्देहीको पट्खौली गाविसलाई पूर्ण खोपयुक्त गाविस घोषणा गरिएको छ। गतसाता एक कार्यक्रमका बीच उक्त गाविसलाई पूर्ण खोपयुक्त गाविस घोषणा गरिएको हो।

गाविसमा बाँकी रहेका १२ महिना देखि २३ महिना सम्मका १२३ बालबालिकाहरूले एक वर्ष भित्र लगाउनुपर्ने सबै खोप लगाएपछि पूर्ण खोप युक्त घोषणा गरिएको गाविस सचिव मसहुर आलम खाँले बताए।

# ट्रक चालकलाई दुर्घटना सम्बन्धी सचेतना

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

सवारी दुर्घटना न्यूनीकरण लागि सचेतनामूलक एक दिने सचेतना कार्यक्रम रूपन्देहीको पड्सरीमा सम्पन्न भएको छ।





पश्चिमाञ्चल यातायात व्यवसायी समिति, बुटवलको आयोजना, पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी बुटवलको सह-आयोजना र सुरक्षित यात्रा नेपाल केन्द्रिय कार्यालय, बुटवलको समन्वयमा उक्त एकदिने सचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि समितिका केन्द्रिय अध्यक्ष अर्जुन रानाभाटले सबै दुर्घटनामा चालक मात्रै जिम्मेवार नहुने भन्दै आम नागरिक पनि सचेत हुनुपर्ने बताए। उनले जथाभावी नागरिकको ख्याल नगरी सवारी चलाउने चालक र सवारी साधनको ख्याल नगरी जथाभावी बाटो काट्ने यात्रुका कारण दुर्घटना बढेको भन्दै त्यसतर्फ सचेत हुन सबैलाई आग्रह गरे। पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, बुटवलका कार्यालय प्रमुख एसपी प्रकाश अधिकारीले सहभागी सवारी चालक तथा अन्य उपस्थितिलाई प्रशिक्षण दिँदै व्यक्ति सचेत भए मात्र दुर्घटनाबाट बच्न सकिने बताए।

सो अवसरमा समितिले ट्राफिक प्रहरीलाई लाइफ ज्याकेट र क्रिम हस्तान्तरण गरेको थियो भने पत्रकार दामोदर खनाललाई पत्रकारिताको क्षेत्रबाट दुर्घटना न्यूनीकरणमा सहयोग पुराएको भन्दै नगद र प्रमाणपत्रसहित सम्मान गरिएको थियो।

समितिका पश्चिमाञ्चल अध्यक्ष लोकराज पोखरेलको अध्यक्षता भएको कार्यक्रममा प्रकाश श्रेष्ठ, खगराज जैसवाल, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्ण बेल्बासे, युवराज पन्त, पत्रकार दामोदर खनाल, लगायतको आतिथ्यता रहेको थियो। समितिका उपाध्यक्ष यमप्रसाद पाण्डेको स्वागत, कार्यालय प्रमुख बाबुराम अधिकारीको संचालन तथा उपाध्यक्ष प्रकाश श्रेष्ठले धन्यवाद ज्ञापनमा कार्यक्रम सम्पन्न भएको थियो।

# इण्डियन-चाइनिज कुकिङ्ग तालिम सम्पन्न

***न्यूज ओके रिपोर्टर***

भैरहवा।

तीन महिने होटल तालिम प्राप्त गरेका ७० जना प्रशिक्षार्थीहरूलाई रूपन्देहीको बेलहियामा प्रमाणपत्र वितरण गरिएको छ। एन.सि.टी.टी.एम. प्रोग्रामको संयोजन र सिद्धार्थ होटल एसोसिएसनको सहकार्यमा बेलहियाको निर्माणधीन नान्स-२ होटलमा सञ्चालित तालिमको समापनमा उनीहरुलाई प्रमाणपत्र वितरण गरिएको हो। सहभागीहरूलाई ईण्डीयन र चाइनिज खानाका परिकारहरू बनाउने तालिम प्रदान गरिएको आयोजकले जनाएको छ। एनसिटीटीएमले शिक्षा मन्त्रालयसँग सहकार्य गरेर तालिम प्रदान गरेको हो।



तालिमको समापन कार्यक्रममा बोल्दै रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाल, जिशिअ टेकबहादुर थापा, समाजसेवी भरत कुमार पोखरेल, ओमकार गौचन, परियोजनाका संयोजक विश्व जोशी, भैरहवा मर्निङ वाक ग्रुपका अध्यक्ष विजय सागर, लुम्बिनी प्रेस क्लबका अध्यक्ष माधव ढुङ्गना लगायतले तालिमबाट सिकेका ज्ञान, सिप र व्यवहारलाई सही सदुपयोग गर्न आग्रह गरे। कार्यक्रम रवी शर्माको सञ्चालन, चेतन पन्तको स्वागत मन्तव्य र सिद्धार्थ होटल एसोसिएसनका अध्यक्ष चन्द्र प्रकाश श्रेष्ठ (सि.पी.) को सभापतित्वमा सम्पन्न भएको थियो।



रुपन्देहीको भैरहवामा भएको कुकिङ्ग तालिममा सहभागीहरु प्रयोगात्मक कक्षामा सीप सिक्दै ।

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# लुम्बिनी क्षेत्रमा ३ वर्ष भित्र ४ वटा ५ तारे होटल सञ्चालनमा आउँदै

*न्यूज ओके रिपोर्टर*
*भैरहवा ।*

लुम्बिनी क्षेत्रमा आउँदो ३ वर्ष भित्र ४ वटा पाँच तारे होटल सञ्चालनमा आउने गरी धमाधम निर्माण कार्य अघि बढेको छ । निर्माणाधीन चार वटा मध्ये २ वटा भैरहवा क्षेत्रमा,एउटा चिल्हिया गाविसमा र अर्को बुद्ध जन्मस्थल लुम्बिनीमा छन् ।

भैरहवा नजिकै बसन्तपुर(बालापुर)मा सञ्चालनमा रहेको होटल बोधी रेडसनले स्तर उन्नति गर्दै पाँच तारे बनाउन लागेको हो भने अरू तिन वटा निर्माणधीन होटल सबै पाँच तारे सुबिधाका बन्ने सञ्चालकहरूले बताएका छन् ।बोधी रेडसन अहिले तिन तारे होटलमा सूचीकृत रहेको छ ।

बोधी रेडसन र लामो समय देखि निर्माणका क्रममा रहेको बेलहिया (भैरहवा)को नान्स पाँच तारे होटल यसै वर्ष (२०१६ भित्रै) देखि सञ्चालनमा आउने गरी निर्माण कार्यलाई तिव्रता दिएका छन् । त्यस्तै गरी लुम्बिनीमा पर्यटन व्यवसायी पवन हलवाईको पवन प्यालेस तथा भैरहवा नजिकै चिल्हिया गाविसमा बैदेशिक लगानीको सिल्भर हेरीटेज समुहले टाईगर प्यालेस रिसोर्ट निर्माण क्रममा रहेका छन् । दुवै पाँचतारे होटल सन् २०१७ भित्रै सञ्चालनमा ल्याउने गरी निर्माण भइरहेको छ ।

टाईगर प्यालेस रिसोर्टमा ३ अर्ब बढीको लगानी  छ । त्यस्तै गरी पवन प्यालेस होटलमा सेवा अर्ब, बोधी रेडसन होटल र नान्समा १/१ अर्ब बढीको लगानीमा सम्पन्न हुनेछन् ।

भैरहवा नजिकै बसन्तपुर (बालापुर) मा अहिले सञ्चालनमा रहेको तिनतारे बोधी रेडसनले थप सुबिधा थप्दै ६४ वटा नयाँ कोठा निर्माण गरिरहेको छ । नयाँ कोठा निर्माण सँगै कोठा संख्या १०६ वटा हुनेछ । नयाँ सबै कोठा अत्याधुनिक फायर फाइटिंग(कोठाको तापमान आफैं अत्याधिक बढेपछि पानी फाल्ने पद्धति) जडान रहेको महाप्रबन्धक अमृत खनालले जनाए । निर्माण सम्पन्न पछि बोधी रेडसनमा २०६ जनालाई एकै पटक आतिथ्यता प्रदान गर्न सकिने र यसै वर्षको अक्टोवर २९ सम्म निर्माण सम्पन्न गरी पाँच तारेमा सूचीकृत गराई सञ्चालनमा ल्याउने योजना रहेको होटलका प्रबन्ध निर्देशक प्रमोद यादवले जनाए ।

नेपाल भारतको सिमाना बेलहिया क्षेत्रमा नान्स होटल पनि निर्माणको अन्तिम चरणमा रहेको र यसै वर्ष भित्र सञ्चालनमा ल्याउने योजना अनुसार काम भइरहेको होटलका प्रबन्ध निर्देशक चन्द्र प्रकाश श्रेष्ठ(सिपी)ले बताए । १ बिगाहा १० कट्ठा क्षेत्रफलमा फैलिएको होटलमा क्यासिनो समेत सञ्चालन गर्ने तयारी श्रेष्ठको रहेको छ । सञ्चालनमा आउँदा सम्म १ अर्बको लगानी हुने नान्समा प्रथम चरणमा ८५ कोठा सञ्चालनमा आउने छन् । यसमा एकै साथ एक सय साठी पर्यटक बस्न सक्ने छन् । ६ वटा भिओआईपी स्वीट रूम समेत निर्माण भइरहेको छ भने । अन्य सबै कोठाहरू डिलक्स रूम रहने श्रेष्ठले उल्लेख गरे । नान्स पाँच तारेमा मा दुई रेष्टुरेन्ट, लंग टेनिस कोर्ट, स्विमिंगपुल सहित पर्यटकलाई आवश्यक पर्ने र अहिलेको होटलमा रहने सबै नविनतम सुबिधा उपलब्ध हुने गरी निर्माण भइरहेको श्रेष्ठले जनाए ।सिद्धार्थ होटल एशोसियसन (शान)का अध्यक्ष समेत रहेका श्रेष्ठको भैरहवामा तिन तारे नान्स होटल विगत ६ वर्ष देखि सञ्चालमा छ ।



तीन वर्ष भित्र संचालनमा आउने लुम्बिनी क्षेत्रभित्रका पाँचतारे होटलहरुको प्रस्तावित काल्पनिक चित्र ।

त्यस्तै गरी भैरहवाकै युवा पर्यटन व्यवसायी पवन हलवाईको एकल लगानीमा बुद्ध जन्मस्थल लुम्बिनीमा पवन प्यालेस होटल निर्माण भइरहेको छ । सन् २०१७ भित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने गरी काम भइरहेको हलवाईले बताए ।१ अर्ब २५ करोडको लगानीमा निर्माण सम्पन्न हुने पवन प्यालेस होटल बुद्धजन्मस्थल लुम्बिनीको पहिलो पाँच तारे होटल बन्नेछ । होटल निर्माण दुई चरणमा गरी निर्माण भइरहेको होटलका सञ्चालक एवं प्रबन्ध निर्देशक पवन हलवाईले बताए । पहिलो चरणमा करिब ८५ करोडको लागतमा १४० कोठा सहित, ३ रेष्टुरेन्ट, कफिसप, मेडिटेशन हलको निर्माण भइरहेको छ भने दोश्रो चरणमा २५ करोडको लागतमा २ वटा कन्फ्रेन्स हल, स्विमिंग पुल, हेल्थ क्लब, स्पाको निर्माण सम्पन्न हुने र सबै निर्माण कार्य भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण सम्पन्न गर्ने समय भन्दा अघि नै सम्पन्न गरी सञ्चालनमा ल्याउने योजना बनाई निर्माण भइरहेको छ, हलवाईले भने । सात तले होटलमा विश्वस्तरको प्रेसिडेन्सियल सुइट रूम एक वटा, सुइट रूम २० वटा समेत हुनेछन् । लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नम्बर १३ पर्सा चौराहा भन्दा करिब १ कि.मि. पूर्व हाईवे नजिकै होटल  पवन प्यालेस अहिले निर्माणधीन अवस्थामा छ ।

उता भैरहवाबाट ८ कि.मि. उत्तर चिल्हिया गाविसमा विश्व प्रसिद्ध सिल्भर हेरिटेजले क्यासिनो सहितको टाईगर प्यालेस रिसोर्टको निर्माण गरिरहेको छ । पाँच तारे रिसोर्टका रूपमा निर्माण भइरहेको टाईगर प्यालेसको निर्माण २०१७ भित्रै सम्पन्न गरी सञ्चालनमा ल्याउने योजना सञ्चालकहरूको छ ।

भैरहवामा रहेको गौतम बुद्ध बिमानस्थललाई स्तरउन्नती गरी अन्तर्राष्ट्रिय बिमानस्थलको रूपमा निर्माण सुरू भई सन् २०१७ सम्म सम्पन्न गर्ने लक्ष्य र त्यसपछि बढ्ने हवाईयात्रुको चापलाई मध्यनजर गर्दै अहिले देखिनै लुम्बिनी क्षेत्रमा सुविधा सम्पन्न होटल निर्माण गर्ने क्रम बढ्दै गएको छ ।

भैरहवामा अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण सम्पन्न भइसकेपछि लुम्बिनी क्षेत्रमा पर्यटकको चाप स्वत बढ्ने र अझ स्तरीय पर्यटक आउने हुँदा उनीहरूलाई लक्षित गरी अहिले पर्यटकीय स्तर देखि पाँच तारे होटल सम्म निर्माण भइरहेको छन् ।

बिमानस्थल निर्माण सम्पन्न भएर सञ्चालनमा आउने बित्तिकै पर्यटकहरू अत्याधिक आगमन हुने पुर्वानुमान भएकाले पनि त्यतिबेला सम्म लुम्बिनी क्षेत्रमा स्तरीय होटल लगायतका पुर्बाधार निर्माण अति आवश्यक रहेकोले पर्यटन व्यवसायीहरू अहिलेबाट नै निर्माणका क्रममा जुट्न थालेको सिद्धार्थ होटल एसोसियसनका अध्यक्ष चन्द्र प्रकाश श्रेष्ठले बताए ।

बिमानस्थल निर्माण सम्पन्न भएर सञ्चालनमा आउनु पूर्व नै होटल लगायतको पर्यटकीय भौतिक पुर्वाधार लुम्बिनी सहित भैरहवा, बेलहिया, बुटवल क्षेत्रमा निर्माण हुन जरूरी छ, पर्यटकले स्तरीय होटल पाएनौं भनेर काठमाण्डौ, पोखरा फिर्ता जानुपर्ने अवस्था आउन दिनु हुँदैन, श्रेष्ठले भने ।

## नेपाल अम्बुजा सिमेन्टको पोखरामा डिलर्श मिट

*न्यूज ओके रिपोर्टर*
*भैरहवा ।*

नेपाल अम्बुजा सिमेन्ट उद्योग प्रा.लिले पोखरामा डिलर्शमिट कार्यक्रम (वितरक भेला) आयोजना गरेको छ ।

गण्डकी तथा धवलागिरी अञ्चलमा रहेका सिमेन्ट बिक्रेता मध्ये नेपाल अम्बुजा सिमेन्ट बिक्री वितरण गर्दै आएका बितरकहरुसँग अन्तरक्रियात्मक छलफल कार्यक्रम आयोजना गरेको कम्पनीका महाप्रबन्धक राजकुमार गुप्ताले बताए ।

सो अवसरमा उद्योगका प्रबन्ध निर्देशक हेमन्त अग्रवालले गुणस्तरमा एक नम्बर नेपाल अम्बुजा सिमेन्ट रहेको र आम उपभोक्ताको रोजाई बनेको भन्दै वितरकहरुलाई पनि अन्य सिमेन्ट भन्दा नेपाल अम्बुजा सिमेन्ट नै किन प्रयोग गर्ने भनेर भन्न सक्नुपर्ने र यसका गुणहरुका बारेमा बिक्री सँगै उपभोक्तालाई जानकारी दिनु पर्ने बताए ।




'क्वालिटी चेक पलपलमा ,नो सम्झौता गुणस्तरमा' मुल नारा राखेको नेपाल अम्बुजाले पिपिसी ब्रान्डमा महालक्ष्मी, दाउन्ने र उत्सव तथा आपसीमा श्रीराम सिमेन्टको उत्पादन गर्दै आइरहेको महाप्रबन्धक गुप्ताले जानकारी दिए । नयाँ आर्थिक वर्षको सुरुवात सँगै आफ्ना हरेक बिक्रेताहरु सँग साक्षत्कार गरी बिक्री वितरण तथा अन्य कुराका बिषयमा जानकारी लिने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको कम्पनीका बिक्री प्रबन्धक ध्रुब कुँबरले जानकारी दिए । सो अवसरमा वितरकहरुका तर्फबाट पोखरा उद्योग वाणिज्य संघका कोषाध्यक्ष दिलिप राज श्रेष्ठले नेपाल अम्बुजा सिमेन्ट उद्योगले अहिले सम्म गुणस्तरमा निकै राम्रो राखेको र उपभोक्ताले पनि ढुक्क सँग प्रयोग गरिरहेको भन्दै यसै प्रकारले गुणस्तर कायम राख्न आग्रह गरे । सो अवसरमा वितरकहरुको सम्मानमा विविध सांस्कृतिक कार्यक्रम आयोजना भएको थियो ।

## यातायात सेवा केन्द्रमा ८ करोड राजस्व संकलन

*न्यूज ओके रिपोर्टर*
*भैरहवा ।*

यातायात व्यवस्था कार्यालय भैरहवाले गत आ.व. २०७२/०७३ मा ८ करोड १४ लाख ८२ हजार १ सय ६३ रूपैयाँ राजश्व संकलन गरेको छ ।

सेवा केन्द्रको रूपमा भैरहवाबाट गत वर्ष देखि सेवा आरम्भ गरेको कार्यालयले उक्त रकम संकलन गर्न सफल भएको हो । कार्यालयले बिलबुक नवीकरण, सवारी कर उठाउने लगायतका कार्यहरू गर्दै आएको छ ।

राजश्व संकलन अन्तर्गत रूट प्रमिटबाट मात्र २३ लाख १५ हजार ४ सय ४० रूपैयाँ संकलन गर्न सफल भएको कार्यालयका सुचना अधिकृत माधव कोईरालाले जानकारी दिए । रूट प्रमिटमा २ हजार सात सय नेपाली सवारी साधन र १९ सय २७ भारतीय सवारीले सेवा लिएको कार्यालयले जनाएको छ ।

त्यस्तै सवारी कर अन्तरगत ७ करोड ९० लाख ४६ हजार सात सय २३ रूपैयाँ संकलन गरेको कार्यालयको तथ्यांक छ ।  सेवा केन्द्रमा भैरहवा, कपिलवस्तुबाट समेत सेवा लिन आउने गरेका छन् । त्यस्तै बुटवलमा सेवाग्राहीको चाँप हुँदा समेत भैरहवा सेवा लिन आउने गरेको अधिकृत कोइरालाले बताए ।

कार्यालयमा जाँच पास गराउने कर्मचारीको अभावमा जाँच पासको काम नै नभएको उनले बताए । जाँच पासको काम पनि हुन सकेको भए थप राजश्व संकलन गर्न सकिने उनको भनाई छ ।






# सम्पादकीय

## व्यापारिक मार्ग निर्माणमा ढिलाई

सरकारले राष्ट्रिय गौरबको आयोजनाका रूपमा अघि बढाएको बेलहिया-बुटवल व्यापारीक मार्ग निर्माणमा निरन्तर ढिलाई भैरहेको छ । निरन्तरको ढिलाईको प्रतक्ष्य असर आम सर्बसाधारणले भोग्नु परेको छ । बेलहिया देखि बुटवल गोलपार्क सम्मको यो योजनामा केही भागको निर्माण सम्पन्न भए पनि अधिकांश स्थानमा काम धेरैनै बाँकी रहेको छ । राष्ट्रिय गौरबको यो आयोजना ढिलाई हुनु आम नेपालीका लागि दुःखद् हो । ठेकेदारको लापरबाहीको कारण अहिले लुम्बिनीको प्रवेशद्वार भैरहवाको केन्द्र बर्मेलीटोल क्षेत्रमा आवतजावतमा ठूलो समस्या परेको छ । सवारीसाधनको अत्यन्तै चाप हुने उक्त क्षेत्रमा ठेकेदारी कम्पनीले जथाभावी खनेका खाल्डाखुल्डी र त्यहां जमेको पानीको कारण वर्षातको बेला आजभोली पैदलयात्रुहरू सो बाट हिँड्दा सास्ती खेप्नुपरिरहेकोछ । पैदल यात्रु मात्रै होइन रिक्सा चालक, साइकल चालक र मोटर साइकल चालकले पनि त्यस्तै सास्ती खेप्नु परेको देखिन्छ ।

ठूलो ठूला दसचक्के गाडीहरू समेत हिँड्ने सो सडक खण्डका खाल्डामा जमेको पानी सवारी साधनको तिब्र गतिमा थिचिँदा छेऊछाऊका बटुवाहरू हुने गरेका छन् । त्यस्तै सडकका खाल्डा खुल्डीका कारण मंगलबार मात्रै बुद्ध चोकमा दुर्घटना हुँदा एक बालकको मृत्यु भयो । यो त एउटा उदाहरण मात्रै हो । ता की पछिल्लो समय यहाँ धेरै दुर्घटना हुँदै गएका छन् । यी खाल्डाखुल्डीहरू समयमै निर्माण नगरेमा पछि थप दुर्घटना नहोला भन्न सकिन्न । बेलहिया-बुटवल व्यापारिक मार्ग अन्तरगतको उक्त सडक निर्माणको ठेक्का कालिका तामांग प्यासेफीकले लिएको छ । २०७२ असार १ (१६ जुन २०१४ ) मा कालिकाले २०७३ असार ३१ (१५ जुलाई २०१६) भित्र निर्माण सम्पन्न गर्नेगरी ४५ करोड ६४ लाख १ हजार ४ सय ८६ रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो । उक्त लागतमा ठेकेदार कम्पनीले डण्डामा ४० मिटर लम्बाइ र १० मिटर चौडाइको पक्की पुल, डण्डा पुलदेखी सीता नर्सरीसम्म ७ सय मिटर बाटो र बर्मेलीटोलदेखी अञ्चलपुर सम्म १४ सय मिटर बाटो निर्माण गर्नेगरी सम्झौता गरेको थियो । ठेक्का कालिका तामांग प्यासेफीकले लिएको भए तापनि तामांग कन्सट्रक्सनले काम गरिरहको थियो तर अहिले उक्त ठेकेदार कम्पनि पनि गैरजिम्मेवार ढंगले प्रस्तुत भएको छ ।

जसले गर्दा अहिले यो व्यापारिक मार्ग पुरै हिलाम्य त भएकै छ, दुर्घटना उच्च जोखिम पनि बढेको छ । शुरूमा ठेक्का लिई पेश्की रकम लिन तछाडमछाड गर्ने ठेकेदार कम्पनीले अहिले सडक निर्माणको काम यत्तिकै अलपत्र पारेको छ । राष्ट्रिय गौरबको यो आयोजना अधुरो मात्रै नभएर अलपत्र अवस्थामा परेका छन् । काम गर्न नखोज्ने तर सोर्स फोर्स लगाएर समयावधि थप्ने ठेकेदारहरूको मनोवृति तामांगमा पनि देखिएको छ । यहि २०७३ असार ३१ गते भित्र निर्माण कार्य सम्पन्न गरिसक्नुपर्ने उक्त सडक अहिलेसम्म २८ प्रतिशत मात्रै काम भएको छ । ठेकेदार कम्पनीले अब एक वर्षको थप समय पाएका छन् । यसरी समय थप्दै जाने हो भने यो सडक पुरा हुन अझै ५ वर्ष लाग्छ । राष्ट्रिय गौरबको यो आयोजना समयमा पुरा नहुँदा यस क्षेत्रमै बनिरहेको अन्तर्राष्ट्रिय विमान स्थल, लुम्बिनी विश्व शान्ति शहर, बुटवल भैरहवा जोडेर बन्ने महानगरपालिका जस्ता सरकारका अन्य आयोजना समेत प्रभावित हुने देखिन्छ । यसतर्फ सरोकारवाला निकायको ध्यान जान जरूरी छ ।

## पाठक पत्र



सर्वप्रथम न्यूज ओके साप्ताहिकलाई निरन्तरताको लागि हार्दिक शुभकामना दिन चाहन्छु । पहिलो अंक हेर्ने र पढ्ने मौका प्राप्त भयो । पत्रिकाले आर्थिक विषयलाई विशेष महत्व दिएको रहेछ , यो एउटा राम्रो पक्ष देखिएको छ भने अर्को पक्ष निशुल्क पाठकहरूलाई उपलब्ध गराउनु पनि सह्रानिय कुरा हो ।

विशेष गरेर पत्रिकाले पाठकहरूलाई निरन्तर कस्तो खालको खुराक दिने हो त्यो स्पष्ट हुनु जरूरी छ र त्यस्तो खालको लेख, रचना र समाचार सत्य र तथ्यमा आधारीत र सकेसम्म विश्लेषकहरूको कलमबाट आउनु जरूरी छ । पत्रिकाले कसैले भनेको भरमा समाचार या भनाइलाई छाप्नु हुँदैन । त्यस्ता खुराकले पत्रिकाको विश्वसनीयता घट्ने खतरा रहन्छ । न्यूज ओकेले गुणस्तरीय समाचार दिन्छ भन्ने मलाइ पूर्ण विश्वास लागेको छ । पत्रिकाको प्रकाशक,सम्पादक देखि संचालकहरूमा सबै युवावर्गहरू रहेकोले पनि स्तरीय हुनेमा विश्वस्त छु । युवाहरू जहिले पनि सत्य सहीतको विकासमा विश्वास गर्दछन् । न्यूज ओकेले भैरहवाबाट प्रकाशन हुने भएको हुँदा यस क्षेत्रको विशेषता भनेको महामानव भगवान गौतम बुध्दको जन्मस्थल,कृषिको आधार इलाका,उद्योगको लागि हरेक क्षेत्रबाट सहज हुने जिल्ला र धेरै जातिहरूको बसोबास भएको क्षेत्र समेत भएकाले सबै क्षेत्रलाई समेटेर लैजान अति जरूरी रहन्छ । यी क्षेत्र र समुदायलाई मध्यनजर गरेर पत्रिका अघि बढे अवश्य पनि सफलता हाँसिल गर्नेछ । किनकी पत्रिका चल्ने भनेकै पाठकद्वारा हो । यहाँका हरेक समुदाय र क्षेत्रका व्यक्तित्वहरूले भोलिको दिनमा न्यूज ओके हाम्रो हो भनेर माया गर्ने छन् । मलाई लागेको र सुझाव न्यूज ओकेको अहिले साइज अलि ठूलो भए जस्तो देखिएको छ । प्रकाशन पक्षले सकिन्छ भने पत्रिकाको साइज केही सानो गर्दा धेरै राम्रो हुने थियो । अर्को कुरा निशुल्क वितरणको चक्करमा कतै पत्रिका भरी विज्ञापन मात्र हुने त होइन भन्ने शङ्का पाठकहरूमा लागेको छ । त्यसलाई पत्रिकाले भोलिको दिनमा चिर्न सक्न जरूरी छ । अन्तमा यस पत्रिकाले यस क्षेत्रको अङ्ग्रेजी पाठक,विद्यार्थी र पर्यटकलाई अङ्ग्रेजी पेजको व्यवस्था गरेकोले सराहनिय पक्ष देखिएको छ ।

अङ्ग्रेजी पृष्ठले राष्ट्रिय सँगै अन्तराष्ट्रिय रूपमा पत्रिकाको मूल्यांकन अवश्य हुनेछ । अन्तमा पत्रिकाले निरन्तर आफ्नो उदेश्यका साथ प्रकाशित भई सबै पाठकहरूको हातमा हरेक हप्ता पुग्न सफल होस् भन्ने धेरै धेरै शुभकामना दिन चाहान्छु ।

***सूर्य कुमार सारू मगर***
***अध्यक्षः सिद्धार्थ बस तथा व्यवसायी समिति, भैरहवा***

# रूपन्देहीका सहकारीको वर्तमान र भविष्य

नेत्रप्रसाद घिमिरे



**संस्थाहरू एकीकरणमा चासो वृद्धि भए पनि राज्यको प्रोत्साहनको नीतिविना व्यवहारिक रूपमा एकीकरणमा गइहाल्ने वातावरण तयार भएको देखिँदैन ।**

नेपालमा हालसम्म १३५३५ बचत तथा ऋण सहकारी रहेका छन् । ४२०९ बहुउद्देश्यीय, ९५६२ कृषि, १७२४ दुग्ध, ४४५ विद्युत,२३४ तरकारी, ११९ चिया, १७३ कफि, २०० जडिबुटी, १११ मौरीपालन,१२९ सञ्चार, ११७ स्वास्थ्य, ५३ उखु, ४५जुनार र १००० विविध प्रकृतिका सहकारीहरू रहेका छन् । रूपन्देही जिल्लामा भने हाल जम्मा ७४२ वटा सहकारी संघ संस्थाहरू रहेका छन् । जसमध्ये प्रकृति अनुसार बचत तथा ऋण सहकारीहरू ३६१, कृषि तथा सानाकिसान सहकारीहरू १९२, बहुउद्देश्यीय सहकारीहरू १०९, दुग्ध सहकारीहरू ५३, सामाजिक उद्यमी ३, स्वास्थ्य २, १७ विविध किसिमका सहकारी रहेका छन् । त्यसैगरी जिल्ला सहकारी संघ लि. १, जिल्ला बचत तथा ऋण सहकारी संघ १, जिल्ला कृषि सहकारी संघ १, जिल्ला दुग्ध उत्पादक सहकारी संघ १ हरूले सहकारीको संघीय संरचनाको नेतृत्व गरिरहेका छन् । दर्ता खारेजीपछि बाकी सहकारी संख्यामा ७३० सहकारीहरू भएपनि सकृयताको हिसाबले सबै सहकारीहरू सक्रिय छैनन् । अझैपनि देहात क्षेत्रका धेरैजसो कृषि सहकारी अनुदानको रासयनिक मलको कारोवारमा मात्र सीमित रहेका छन् । नियमित रूपमा लेखापरीक्षण गर्ने, साधारणसभा गरी प्रतिवेदन पेश गर्ने सहकारीको संख्या ५९१ रहेको छ । यस साल जरिवानामा परि नियमन भएका सहकारीको संख्या १८९ रहेको छ । बाकी ११९ सहकारी संस्थाहरूले समयमा साधारणसभाको प्रतिवेदन पेश नगरेकाले सार्वजनिक सूचनामार्फत नियमित हुन आवहान गरिएको छ । ६० वटा सहकारीहरू दर्ता खारेजीको सुचीमा परेका छन् । तथ्यांक तयारी भइरहेकाले अनुमानको आधारमा करिबमा भन्दा यस जिल्लामा शेयर सदस्य संख्या १४५०००, शेयरपूजी १ अर्ब २० करोड, कोष ८० करोड , बचत ८ अर्ब, कर्जा लगानी १० अर्ब बैक वित्तीय निकाय सरकारी निकायहरूमार्फत सहकारीहरूले १ अर्ब भन्दा बढीको सहुलियत ऋण परिचालन गरिरहेको देखिन्छ । यस मार्फत गाउ टोलमा सहकारी सञ्जालमार्फत वित्तीय सेवामा सहज र सरल पहुच पुगेको छ । महिला दिदी बहिनीहरूमा सशक्तिकरण भएको छ । लक्षित वर्गमा समूह संगठन मार्फत शिक्षा चेतना मार्फत आत्मबल पलाएको देखिन्छ । बचतमा क्रान्ति नै भएको छ । गाउँ-समाजमा प्रजातान्त्रिक अभ्यासले सामाजिक नेतृत्व उत्पादन गर्ने कार्य भएको छ । हजारौ मानिसमा उद्यमशिलता, स्वरोजगारिता प्रवर्धन भएको छ । गरिवी निवारण उल्लेख्य भूमिका निर्वाह गर्ने प्रयास सहकारी व्यवसायले गरिरहेको देखिन्छ । साथमा समस्याहरू पनि रहेकाले नयाँ कानुनको माग गरिएको छ र समग्र सहकारी अभियन्ताहरू सहकारी कानुनको पर्खाइमा रहेका छन् ।

नगरपालिकामा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको दर्ता बन्द भएको अवस्था रहेकाले दर्ताको चाप रहेको छैन । दर्ताका लागि सल्लाह सुझावका लागि नागरिक कार्यालयमा आएपनि नगरपालिकामा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको दर्ता बन्द भएको सुचना प्राप्त गरेपछि सेवाग्राहीहरू फर्कने गरेका छन् भने ग्रामिण क्षेत्रका किसानहरू मलको कारोवार गर्न दर्ताको लागि आउने गरेपनि मलको कारोवारमात्र गर्ने उद्देश्यले सहकारी दर्ता नगर्न सुचना दिने गरिएको र सोही ठाउमा पहिले स्थापित सहकारी मार्फत मलको कारोवार गर्ने लगायतका अन्य आर्थिक सामाजिक गतिविधि सञ्चालन गर्न अनुरोध, सचेतना, तालिममार्फत जानकारी गराइएको छ । संस्था दर्ता गर्ने चाप नभएपनि कार्यक्षेत्र विस्तार, सेवाकेन्द्र स्थापना, हाइड्रोमा लगानी जस्ता विषयहरू साधारणसभाबाट निर्णय गराएर नयाँ कानुन पर्खिरहेको अवस्था छ । संस्थाहरू एकीकरणमा चासो वृद्धि भए पनि राज्यको प्रोत्साहनको नीतिविना व्यवहारिक रूपमा एकीकरणमा गइहाल्ने वातावरण तयार भएको देखिँदैन । हालसम्म ६ वटा सहकारीहरू एकीकरण भइ ३ बटामा रूपान्तरण भएका छन् भने १० वटा सहकारीहरूले एकीकरणका लागि सैद्धान्तिक स्वीकृति लिएका छन् । जिल्लामा राष्टिय पुरस्कार प्राप्त गर्न जनउत्थान साकोस, कोलिय साकोसहरू नमूनको रूपमा स्थापित हुने प्रयासमा रहेका छन् भने सानाकिसान सहकारीहरू विस्तारै वित्तीय रूपमा सवल बन्दै ग्रामीण क्षेत्रमा वित्तीय सेवाप्रवाहको भरपर्दो माध्यम बन्ने प्रयास गरिरहेका छन् । ६६ वटा महिलाहरूद्धारा मात्र सञ्चालित सहकारीहरू सहकारीका सिद्धान्त अनुसार काम गर्दै सहकारीको भविष्य देखाइरहेका छन् जसमार्फत महिला दिदी बहिनीहरूको भरपर्दो साथी सहकारी बन्दै गएको अनुभूति गर्न सकिन्छ त्यसको एउटा उदाहरणको रूपमा मऋहरको प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्था सबैका लागि अनुकरणीय रहेको छ । सहकारीहरूवीच प्रतिस्पर्धा होइन सहकार्य हुनुपर्दछ भन्ने मान्यताका साथ बचत तथा ऋण सहकारीहरूले व्यवस्थापनमा नेफ्स्कूनको नेतृत्वमा नीतिगत एकरूपता कायम गर्ने प्रयास गरिरहेका छन् ।

जिल्ला सहकारी संघ लगायत जिल्ला बचत तथा ऋण सहकारी संघहरूले सहकारीको स्वनियमनलाई व्यवहारमा कार्यान्वयन गर्दै प्रारम्भिक सहकारीहरूको स्वअनुगमन गरेर पनि सहकारीको सुरक्षित व्यवस्थापनमा सहयोग गरिरहेका छन् । सहकारीमा समस्या देखिए भने स्थानीय स्तरमा संघहरू र कार्यालयवीच छलफल गरी समाधान गर्ने प्रयासहरू भएका छन् । पोखरभिण्डी गाविस बाहेक सबै गाविस र शहरहरूमा सहकारीको सञ्जाल विस्तार भएको छ । अधिकांस सर्वसाधारणमा सहकारीप्रति चासो बढेपनि मानिसहरूमा सहकारीप्रतिको बुझाइ फरक-फरक रहेको देखिन्छ । कसैले बजारनियन्त्रित अर्थव्यवस्थाभित्रको आर्थिक वृद्धिको रथ हाक्ने एक पद्धतिको रूपमा सहकारीको व्याख्या गरेका छन् भने कसैले राज्य नियन्त्रित अर्थव्यवस्थाभित्रको सामाजिक न्यायको रथ हाक्ने एक पद्धतिको रूपमा सहकारीको व्याख्या गरेका छन् । राज्यले संवैधानिका रूपमा भने मिश्रित अर्थव्यवस्थाको कडिको रूपमा मान्यत दिएको छ । सहकारीहरूमा बचत तथा ऋण कारोवार गर्ने भनेर दर्ता भइ सो कार्य गर्नु स्वभाविक भएपनि कृषि, सानाकिसान, बहुउद्देश्यीय लगायतका अन्य प्रकृतिका सहकारीहरू पनि बचत तथा ऋणलाई नै प्रमुख कारोवार बनाएर त्यसैमा सीमित हुनु प्रमुख समस्या हो । बचत तथा ऋण सहकारीहरूले सदस्यकेन्द्रित कार्यक्रम बनाइ सामाजिक गतिविधि मार्फत सदस्यसंग जोडिनुपर्नेमा जस्तै जनउत्थान साकास लगायत केही सहकारीहरू बाहेक अरूले सामाजिक गतिविधि गर्न बाकी देखिन्छ । सदस्यहरूसंग साधारणसभामा मात्र भेट गर्ने प्रचलनले सहकारी सिद्धान्त स्खलित हुदै गएको महसुस गर्न सकिन्छ । सहकारीका सञ्चालकहरू अन्य पेशामा पनि आवद्धताले सहकारीको उद्देश्य कार्यान्वयनमा जटिलता थपिएका छन् । कतिपय सहकारीमा त अध्यक्ष कै कारणले माघ फागुनमा साधारण सभा गराउनुपरेको दृष्टान्त रहेका छन् । लेखा समितिको निस्क्रियताले सहकारीमा संस्थागत सुशासन कायम गर्नमा समस्या देखिएका छन् । ग्रामिण क्षेत्रमा सहकारीमा रकम जम्मा हुने कारोवार बढ्दै जाने तर बैक नभएका कारणले नगदको सुरक्षामा चुनौतिहरू रहेका छन् । सहकारी संस्थाहरूले करोडौ रूपैयाको कारोबार गर्ने भएपनि उत्पादन क्षेत्रमा लगानी वृद्धि गर्न नसक्दा र सरकारले सहकारीमा भएको रकम परिचालन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति लिएपनि, सहकारी मार्फत ग्रामिण अर्थतन्त्र सबल बनाउने र गरिबी घटाउने लक्ष्य राखिएपनि ठोस कानुन निर्माण गर्न नसक्दा सहकारीमा तरलता समेत वृद्धि भएको छ । संवैधानिक रूपमा तीन खम्बे भने पनि सहकारीमार्फत गरिने लगानीका अवसरलाई संकुचित गरिदा सहकारीमा रकम डम्पिंग भएर बसेको छ वा जग्गा पलटिंगमा जाने गरेको वा जाने सम्भावना छ जुन अर्थतन्त्रका लागि हानिकारक हो । बचत तथा ऋणको मात्र सहकारीले कारोबार गर्दा पनि सहकारीमा तरलता वृद्धि हुदै गएको छ जुन शुभसंकेत होइन । सञ्चालकहरूले आफूले चाहेको क्षेत्रमा मात्र रकम परिचालन गर्ने अभ्यासले गर्दा पनि गरिबहरू लाभान्वित हुन सकिरहेका छैनन् र सहकारी सिद्धान्त कार्यान्वयनमा चुनौतिहरू देखिएका छन् । सहकारी स्वायत्त व्यवसायिक निकाय हो फगत पैसाको कारोवार मात्र गर्ने बैक होइन सहकारी भन्ने कुरा सहकारी अभियानका नेतृत्वलाई बुझाउन राज्य नीतिगत, प्रशासनिक, संरचनागत आदि कारणबाट सफल भएको देखिदैन चुकेको अवस्था देख्न सकिन्छ ।

अतः अब सहकारीहरू बर्गीकरण आवश्यक भएको छ । सबै सहकारीहरूलाई एकै डालोमा हालेर मूल्यांकन गर्दा अन्याय हुनजान्छ । सहकारीहरूमा प्रजातान्त्रि अभ्यास अनिवार्य र नितान्त आवश्यक भएको छ । सहकारीमार्फत गाउ समाजको आर्थिक सामाजिक रूपान्तरण गर्नुपर्दछ भनेर मेहनत गर्ने व्यक्तिहरू पनि धेरै सहकारीमा लागेका छन् भने कतिपय भागवण्डाको लागि, गरीखानका लागि,राजनीतिका लागि पनि सहकारी स्थापना गरेको पाइन्छ । राम्रो सहकारीलाई पुरस्कृत गर्ने र गलत सहकारीलाई दण्डित गर्ने कानुनी प्रणालीको विकास गर्नु सहकारी क्षेत्रको सकारात्मक विकासका लागि आवश्यक भैसकेको छ । शहरको पैसा गाउमा र गाउको उत्पादन शहर आउने प्रभावकारी सहकारी अर्थव्यवस्थाको व्यवहारिक कार्यान्वयन गर्ने बेला आएको छ । मानिस, समूहका निहित स्वार्थमा बन्देज लगाउन जरूरी भएको छ । सबैभन्दा महत्वपूर्ण सहकारीमैत्री लगानीको बातावरण आवश्यक छ त्यो पनि सुरक्षित लगानी किन भने सहकारीको पुजीभनेको सदस्य समाजको हो जुन आवश्यकता अनुसार फिर्ता गर्नुपर्ने हुन्छ । यसको लागि राज्यले नयाँ कानुन तुरून्त ल्याउनुपर्दछ कानुन अनुसार नीति योजना कार्यक्रम संरचना बन्नुपर्दछ र सहकारीको भविष्य सुनिश्चित बनाउनुपर्दछ । जय सहकारी ।

*(लेखक डिभिजन सहकारी कार्यालय रूपन्देहीका सहकारी प्रमुख हुन् ।)*

# सामाजिक सुरक्षा प्रणालीमा स्वास्थ्य बिमा

उदय राना मगर

**कमजोर अर्थतन्त्र भएको देश नेपालले पनि २०७२ मा जारी संविधानले सामाजिक सुरक्षाको विषयलाई उचित र यथेष्ट रूपमा प्रयास गरेको छ ।**

विविधतायुक्त समाजमा व्यक्ति-व्यक्तिबीचको असमान सामर्थ्यका कारण आधारभूत मानवीय आवश्यकताको परिपूर्ति गर्ने तथा जीवनमा आउने विविध जोखिम व्यक्ति एवं सरकार दुवैका लागि थप चुनौतीपूर्ण हुँदै गएको छ । अहिलेको प्रतिस्पर्धात्मक वातावरणको कारणबाट उत्पन्न हुने जोखिमबाट आफ्ना नागरिकको सुरक्षा गर्नु एक्काइसौं शताब्दीका सरकारको पहिलो दायित्व हुन जान्छ । यस कार्यमा समाजमा रहेको असमानतालाई घटाउँदै सामाजिक न्याय कायम गर्ने कार्यमा समाज र सरकार दुवै क्रियाशील हुँदै आएको पाइन्छ । परिवार तथा समाजबाट विकसित हुँदै आएको समाजिक समानतामार्फत सामाजिक न्याय कायम गराउने कार्य राज्य तहसम्म विस्तार हुँदै कल्याणकारी राज्यको अवधारणाले संस्थागत हुने क्रममा अघि बढेको छ । यसर्थ सामाजिक न्यायलाई प्रजातान्त्रिक तथा लोककल्याणकारी राज्यहरूको एक महत्वपूर्ण औजार मानिँदै आएको छ ।

समाजमा गरिबी, अशिक्षा, रोग, प्राकृतिक प्रकोप, उमेर, शारीरिक अपांगता, पछौटेपन, अशिक्षा, बेरोजगारी तथा अन्य विविध कारणबाट व्यक्ति-व्यक्तिबीचमा असमान अवस्था रहँदै आएको छ । यस्तो अवस्थामा व्यक्ति आबद्ध रहेको समाजले व्यक्तिलाई आइपरेको समस्या सामना गर्न सहयोग गर्ने र सुरक्षा प्रदान गर्नका लागि सामाजिक सुरक्षा नीतिको आवश्यकता छ । त्यसका लागि सरकार वा राज्यसंयन्त्रले समेत सामाजिक समानतामार्फत सामाजिक सद्भाव एवं समुन्नतिका लागि सामाजिक सुरक्षाका विविध उपायको अवलम्बन गर्दै सामाजिक न्याय कायम गर्ने प्रयास गर्नुपर्छ । शारीरिक, सांस्कृतिक, मानसिक, सामाजिक, आर्थिक रूपमा कमजोर नागरिकका आधारभूत मानवीय अधिकार सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्न आवश्यक अवसर, साधन-स्रोत तथा सुविधा उपलब्ध गराउने राज्यको कल्याणकारी व्यवस्था नै सामाजिक सुरक्षा हो ।

सामाजिक सुरक्षा सामाजिक न्याय कायम गर्ने सन्दर्भमा अवलम्बन गरिएको एक दीर्घकालीन लगानी एवं सामाजिक बिमा पनि हो, जसमा समाजको एक सदस्यलाई आइपरेको जोखिम समाजले हिस्सेदारी लिन्छ । यस प्रकार व्यक्तिको जीवनमा आइपर्ने जोखिमलाई न्यूनीकरण गर्न गरेको समाजको सहयोग नै सामाजिक सुरक्षा हो, जुन बिमाको सिद्धान्तसँग केही हदसम्म मिल्न जान्छ । सामाजिक संरक्षणको अभिन्न अंगका रूपमा रहेको सामाजिक सुरक्षा मानवीय सुरक्षासँग समेत सम्बन्धित छ भने कल्याणकारी राज्यको आधारभूत दायित्व एवं नागरिकको आधारभूत अधिकारका रूपमा समेत लिने गरिन्छ । सामाजिक सुरक्षालाई विगतमा राज्यले आफ्ना नागरिकमाथि गरिएको कल्याणकारी कार्यका रूपमा लिइन्थ्यो भने आधुनिक विश्वका प्रायः सबै राज्यले यसलाई आधारभूत एवं प्राथमिक सुरक्षाका रूपमा लिई राज्यको दायित्वका रूपमा समेत परिभाषित गर्ने तथा व्यवहारमा कार्यान्वयन गर्ने गरेको पाइन्छ । यसको ज्वलन्त उदाहरणका रूपमा खुला एवं पुँजीवादी अर्थतन्त्र अँगालेको संयुक्त राज्य अमेरिकामा समेत यस प्रकारका सामाजिक सुरक्षा राज्य स्वयंले उपलब्ध गराउने गरेको पाइन्छ । यसका साथै विकसित अर्थतन्त्र भएका देशहरूमा सामाजिक सुरक्षाको प्रावधान बढी मजबुत रहेको पाइन्छ । जुन देशमा सामाजिक सुरक्षा राम्रो प्रबन्ध छ त्यस देशका नागरिकको स्वास्थ्यको अवस्था राम्रो भएको र औसत आयु पनि बढी भएको देखिन्छ ।

कमजोर अर्थतन्त्र भएको देश नेपालले पनि २०७२ मा जारी संविधानले सामाजिक सुरक्षाको विषयलाई उचित र यथेष्ट रूपमा प्रयास गरेको छ । सविधानमा मौलिक हकको व्यवस्थाअन्तर्गत निःशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने हकसहित कतिपय पछाडि पारिएका वर्गहरूका लागि राज्यले विशेष व्यवस्था गर्न सक्ने व्यवस्थासहितको नागरिक हकको व्यवस्था गरेको छ भने राज्यको दायित्व खण्डमा समेत सामाजिक समानता तथा सामाजिक न्याय कायम गर्न विभिन्न उपाय अवलम्बन गर्नु राज्यको दायित्व हुने कुरा उल्लेख गरिएको छ । स्वास्थ्य क्षेत्रका अधिकांश सूचकांकहरू जस्तै मातृमृत्युदर, बालमृत्यु दर, औसत आयुलगायतमा उल्लेख्य सुधार हुँदाहुँदै पनि नेपालको उपचारात्मक स्वास्थ्य सेवाको पहुँच र गुणस्तर दुवैका हिसाबले अझै प्रशस्त सुधार गर्नुपर्ने अवस्था छ । एक त समयको प्रवाहसँगै स्वास्थ्य क्षेत्रमा संगीन चुनौतीहरू थपिँदै गएको छ भने आर्थिक विपन्नता तथा बढ्दो लागतका कारण व्यक्तिले आफ्नो जीवनमा आइपर्ने स्वास्थ्यसँग सम्बन्धित चुनौतीको सामना गर्न सक्ने क्षमतामा आशातित सुधार हुन सकेको छैन । सामाजिक सुरक्षाको सन्दर्भमा व्यक्तिको स्वस्थ जीवन बाँच्न पाउने अधिकारलाई राज्यको क्षमताभित्र रही प्रत्याभूत गर्नु आवश्यक छ । हाल एक व्यक्तिको स्वास्थ्यमा गरिने कुल खर्चको करिब ५५ प्रतिशत रकम व्यक्ति स्वयंले खर्च गर्नुपर्ने अवस्था छ । त्यसमा पनि करिब २३.८ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको तल्लो तहका जनताको आधारभूत स्वास्थ्य सुविधा सुनिश्चित गराउनु आवश्यक भइसकेको छ ।

जनस्वास्थ्यका क्षेत्रमा तुलनात्मक रूपमा सन्तोषजनक लगानी तथा उपलब्धि देखिए पनि अर्थतन्त्रको कमजोर क्षमताका कारण उपचारात्मक सेवा, त्यसमा पनि सरकारी स्वास्थ्य संस्थामार्फत प्रवाह हुने स्वास्थ्य सेवामा व्यापक जनगुनासाहरू रहिआएको छ । कुन तहको बिरामी पर्दा कुन स्तरको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सेवा लिनुपर्ने हो ? भन्ने विषय आमजनमानसका साथै सेवाप्रदायकमा समेत अन्योल रहेको अवस्था छ । त्यसैगरी एक तहको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीबाट अर्को तहको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीमा प्रेषण गर्ने प्रणाली के हुने र सम्बन्धित स्वास्थ्य संस्थाबाट तोकिएको स्वास्थ्य सेवा कसरी सुनिश्चित गर्ने भन्ने विषय स्वास्थ्य मन्त्रालय र समग्र स्वास्थ्य सेवा क्षेत्रकै लागि चुनौतीपूर्ण छ । उल्लिखित अवस्थालाई समेत सम्बोधन गर्न हाल नेपाल सरकार स्वास्थ्य मन्त्रालय मातहत सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम अगाडि ल्याइएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति-२०७१ को पृष्ठभूमिमा कुनै पनि बेला हुन सक्ने स्वास्थ्यसम्बन्धी आइपर्ने विपद् व्यवस्थापन तत्काल गर्नु, ज्येष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो, भनी उल्लेख गरिएको छ । सको कार्यान्वयन गर्न व्यवस्थित र सशक्त तथा आवश्यक स्रोतसाधन र प्रतिबद्धका साथ कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढ्नुपर्ने देखिन्छ । यसो भएको खण्डमा जनताले साँच्चै लोकतन्त्रको लाभ प्राप्त गरेको अनुभूति गर्ने आशा गर्न सकिन्छ ।

**गाईको दूधमा आकर्षण**

*रूपन्देहीका पशुपालन केन्द्रहरूमा होलस्टोन, जर्सी, इटी लगायतका जातका उन्नत गाईहरू छन् । ती गाईले एकै दिनमा ३२ लिटरसम्म दुध दिने गरेका छन् । भैंसीभन्दा गाईबाट आम्दानी बढी हुने मात्र होइन, यसको मलमुत्रबाट क्यान्सरको औषधी बनाउन सकिन्छ ।*



# रूपन्देही दुधमा आत्मनिर्भर

## वार्षिक ५ प्रतिशतका दरले उत्पादन बढ्दै

**भुवन पाण्डे**
भैरहवा ।

उन्नतजातका गाईभैँसी र व्यवसायिक पशुपालक किसानहरूको संख्या बढ्दै गएपछि रूपन्देहीमा दुध उत्पादन वर्षेनी बढ्दै गएको छ ।

दूध उत्पादनमा नमूना जिल्ला रूपन्देहीमा वार्षिक एक लाख ३० हजार ५ सय ७५ मेट्रिक टन दुध उत्पादन हुने गरेको जिल्ला पशु सेवा कार्यालयमा तथ्यांक रहेकोछ । उत्पादित दूधमध्ये ६० हजार मेट्रिक टन दूध जिल्ला बाहिर जाने गरेको छ । रूपन्देहीमा दूध उत्पादनका लागि खोलिएका ४ सय ३७ वटा गाईफार्म र ३ सय २९ वटा भैंसी फार्म छन् । एउटामा ४ सय ५० वटासम्म गाई र ७० वटासम्म भैंसी पालिएका छन् । जिल्लामा एक अरबसम्मको लगानीका पशुपालन केन्द्र रहेको जिल्ला पशु सेवा कार्यालयका सूचना अधिकृत प्रदिप पौडेलले जानकारी दिए ।

दुध उत्पादनका हिसावले रूपन्देही काभ्रेपछिको दोस्रो जिल्ला हो । यहाँ एक लाख ३१ हजार ७ सय १४ दूधालु गाई भैंसी छन् । त्यसमध्ये ४० प्रतिशत उन्नत जातका छन् । दूध उत्पादन बढाउन उन्नत घाँस खेती, गाईको नश्ल सुधार, गोठ सुधार, कृत्रिम गर्भाधान, गाउँगाउँमा चिकित्सकीय सेवा, डेरी सुदृढीकरण लगायतका अभियान चलेका जिल्ला पशु सेवा कार्यालयका कार्यालय प्रमुख गान्धीराज उपाध्याय बताउँछन् । अभियान अन्तर्गत किसानको सहयोग र सेवाका लागि जिल्लाका सबै गाविस र नगरपालिकामा पशु प्राविधिकहरू



खटिएका छन् । करिब ५० हजार गाईभैँसीमा कृत्रिम गर्भाधान गराइएको छ । पशु सेवा कार्यालयले जिल्लाका ३४ स्थानबाट पशुहरूलाई कृत्रिम गर्भाधान सेवा प्रदान गरेको छ ।

व्यवसायीहरूले दुधसँगै मलमुत्रको समेत व्यवस्थापन गरेर जैविक मल, गोबरग्याँस, किटनाशक औषधी लगायत बनाएर पनि बेच्न थालेका छन् । एउटै केन्द्रबाट दैनिक १५ हजार लिटरसम्म दुधको उत्पादन हुने गरेको छ । रूपन्देहीमा व्यवसायिक पशुपालनमा धेरैले भैँसीलाई भन्दा गाईलाई प्राथमिकता दिएका छन् । भैँसीभन्दा गाईलाई कम दाना भए पुग्ने, छिटो व्याउने र धेरै दूध दिने भएकाले गाई पालनलाई प्राथमिकता दिएका हुन् । एउटा गाई जन्मेको अढाइ वर्षमै व्याउँछ । यसपछि ४ वर्षमा ५ पटक ब्याएको हुन्छ । भैँसी भने पहिलो पटक ब्याउनै कम्तीमा ४ वर्ष लाग्ने भएकाले गाईपालनलाई प्राथमिकता दिएको सैनामैना नगरपालिका १३ मा रहेको बोलबम पशुपालन फार्मका सञ्चालक नारायण महतले बताए ।

रूपन्देहीका पशुपालन केन्द्रहरूमा होलस्टोन, जर्सी, इटी लगायतका जातका उन्नत गाईहरू छन् । ती गाईले एकै दिनमा ३२ लिटरसम्म दुध दिने गरेका छन् । भैँसीभन्दा गाईबाट आम्दानी बढी हुने मात्र होइन, यसको मलमुत्रबाट क्यान्सरको औषधी बनाउन सकिन्छ । यस बाहेकका बहुमूल्य औषधीहरू बन्ने भएकाले सजिलै विदेशमा पनि पठाउन सकिने देशकै ठूलो गाई फार्म लुम्बिनी एग्रो रिसर्च सेन्टर प्रा.लि.का सञ्चालक शशीधर शर्मा पौडेल बताउँछन् । राज्यले कृषि ऋण र प्राविधिक सहयोगलाई सरल बनाउने हो भने जिल्लामा पशुपालन अझ फस्टाउने र दूध उत्पादन दोब्बर हुने उनले बताए ।

जिल्लामा व्यवसायिक पशुपालक किसानहरू बढ्दै गएको त्यसै अनुपातमा वर्षेनी २ प्रतिशतले दुध उत्पादन बढेको तर महंगो दाना, उन्नत घाँसको अभाव र उन्नत जातको गाईभैँसी नभेटिदा उत्पादन लागत बढेको फर्साटिकर गाविसका किसान देवी प्रसाद पौडेलले बताए । सरकारले उत्पादन लागत घटाउने खालका कार्यक्रमहरू ल्याइ किसानहरूलाई यस पेशमा टिकाउन छुट्टै नीतिको आवश्यक पर्ने उनले बताए ।

# रूपन्देहीमा कृषि र पशुतर्फ दुई करोड बढीको क्षति

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

गएको शुक्रबारदेखि आएको अभिरल वर्षाका कारण रूपन्देहीमा कृषि तथा पशु क्षेत्रमा करोडौंको क्षति भएको छ ।

रूपन्देहीको सुर्यपूरा गाविसमा रहेको अष्ट्रिच फर्ममा रोहिणी नदी पसेपछि ६० वटा अष्ट्रिचका ६ महिना नाघेका बच्चा बगाएको अष्ट्रिच नेपाल प्रा.लि. का सञ्चालक सिपी शर्माले बताउनुभयो । फर्मको ४ बिगा जमिन र लगाएको तारबार नदिले कतान गरेको छ । जसबाट १ करोड माथिको क्षति भएको शर्माले बताउनुभयो ।



वर्षापछि आएको बाढीले रूपन्देहीको करिब १२ हजार ५ सय १९ हेक्टर खेतियोग्य जमिन ढुवानमा परेको छ । तिनाउ, दानब र रोहीणी नदीमा आएको बाढीले ४० हेक्टर धान खेत कतान भएको छ । १२ हजार ४ सय ६० हेक्टर धान खेत ढुवानमा परेको छ । जसमध्य करिब १ सय हेक्टर धान खेत पूर्ण रूपमा क्षति भएको जिल्ला कृषि विकास कार्यालयका निमित्त प्रमुख आश्विनी शर्माले बताउनुभयो । जिल्लामा रहेका कृषि सेवा केन्द्रहरूले बुझाएको तथ्यांक अनुसार धान करिब ७५ लाख, तरकारी १५ लाख, केरा करिब २ लाख ५० हजार, मैरीको मह र घार ११ लाख ७० हजार र बढाम १० लाख ८० हजार मूल्य बराबरको क्षति भएको छ । कृषि क्षेत्रको जिल्लाभर १ करोड ५४ लाख २० हजार बराबरको क्षति भएको छ ।

त्यस्तै पशुतर्फ अष्ट्रिच १ करोड माथि र कुखुरा र बाखा गरि करिब ३५ लाख ८३ हजार २ सय मूल्य बराबरको क्षति भएको जिल्ला पशु सेवा कार्यालयका सूचना अधिकृत प्रदिप शर्मा पौडेलले जानकारी दिनुभयो ।

# गाविसलाई छिट्टै बालमैत्री घोषणा गर्छौं

*रूपन्देहीको क्षेत्र नम्बर १ मा रहेको पट्खौली गाविस आर्थिक एवम् सामाजिक रूपमा पिछडिएको गाविसको रूपमा रहेको छ । केन्द्रबाट पाउने अनुदान, मालपोत कर र अन्य सिफारिस दस्तुर बाहेक यस गाविसको अन्य केही नियमित आयश्रोत छैन । सिमीत श्रोत र साधनले पनि गाविसले रूपन्देहीको सम्पन्न गाविसकै हाराहारीका काम गर्ने गरेको छ । विगत केही वर्ष यता कुशल व्यावस्थापनका कारण जिवीसमा पनि राम्रै गाविसको रूपमा परिचय बनाएको पट्खौली गाविसलाई यति बेला गाविस सचिव मसहुर आलम खाँले हाँकी रहेका छन् । गाविसको समसामयिक विषय आगामी कार्ययोजना आदि बारे गाविस सचिव मसहुर आलम खाँ सित न्यूज ओकेले गरेको कुराकानीको सम्पादीत अंश :-*



मसहुर आलम खाँ (सचिव)
**पट्खौली गाविस**
**न्यूज ओके**
कुराकानी

**पट्खौली गाविसको बारेमा बताई दिनुहोस् न ?**

रूपन्देहीको सदरमुकाम भैरहवाबाट पूर्व उत्तरतर्फ करीब ८ किलोमिटरको दुरीमा रहेको छ पट्खौली गाविस । मधेशी समुदायको बाहुल्यता रहेको यस गाविसमा थारू, हरिजन, यादव, कुर्मी, मुस्लिम समुदायको बाहुल्यता रहेको छ । साथै लोपोन्मुख जाती पथ्थरकट्टाको पनि यस गाविसमा बसोबास रहेको छ । यसका साथै विभिन्न जिल्लाबाट बसाँई सरी आएका पहाडी सामुदायहरू पनि गाविसमा रहेका छन । विभिन्न जातजाती भए पनि जातीय सहिष्णुता गाविसको मुख्य विशेषता हो । अहिले सम्म जातीयताकै आधारमा कुनै पनि प्रकारको झै झगडा भएको सुनेको छैन । गाविसको आफ्नो आन्तरीक श्रोत बलियो नहुँदा विकासको दृष्टिले केही पछि परे पनि बिस्तारै यसमा पनि सुधार आउँदै छ । केन्द्रिय अनुदान, सांसद कोष लगायत विभिन्न श्रोतबाट प्राप्त भएको रकम बाट बिस्तारै विकासको क्रम अगाडी बढेको छ । यसका साथै गाविस मै ऐतिहासिक सतीया माई राम जानकी मन्दिर रहेको छ । वाञ्छित मनोकामना पुरा हुने विश्वास रहेको यस मन्दिरमा दर्शन गर्न आउने श्रद्धालुहरू प्रत्येक वर्ष बढि रहेका छन ।

**गाविसमा सञ्चालन रहेका विकास निर्माणका योजनाहरू बारे बताई दिनुहोस् न ?**

गाविस अन्तर्गत रहेको पोखरीहरू मर्मत गरी यसलाई व्यवस्थित रूपमा ठेक्कामा दिने प्रयास गरेको छ । यस बाहेक विभिन्न बाटोहरूमा पनि आवश्यकता अनुसार लगानी भएको छ । योजनाहरू सञ्चालन गर्दा प्राविधिक कठिनाई आउने गरेका छन । योजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन अनिवार्य हुन्छ । काम पनि उपभोक्ता समितिले नै सम्पन्न गर्छ । सम्पन्न भएको कामको भुक्तानी लिँदा भने बजार मूल्य र प्राविधिक मूल्यमा धेरै फरक भएको कारण कठिनाई आउने गरेको छ । लागत इष्टिमेट अनुसार काम नभए पनि भुक्तानी गर्न दबाव पर्ने गरेको छ । यसको सबै अपजस गाविस सचिवहरू माथि नै आउने गरेको कारण बजार मूल्य र प्राविधिक मूल्यमा एकरूपता ल्याउन सरोकारवालालाई पहल गर्न समेत आग्रह गर्न चाहान्छु ।

**सरकारले लिएको अभियानहरू यस गाविसमा कसरी सञ्चालन भएका छन ?**

नेपाल सरकारले लिएका विभिन्न अभियानहरू मध्ये पट्खौली गाविस यस अघि नै २०७२ को बैशाख २२ गते खुल्ला दिशामुक्त, पूर्ण साक्षर गाविस घोषणा भई सकेको छ । यसैगरी यहीँ ८ गते पूर्ण खोपयुक्त गाविस समेत घोषणा भई सकेको छ । सरसफाईको मामिलामा सरकारले लिएको लक्ष्यमा गाविस बासी, सहकर्मी एवम् राजनैतिक दलका स्थानीय प्रतिनिधिहरूले समयमै साथ दिनुभएको कारण हामी समयमै सफल भयौ । यस अतिरिक्त अबको हाम्रो लक्ष्य गाविसमा रहेको प्रत्येक घरलाई धुवाँमुक्त बनाउने रहेको छ भने बालमैत्री स्थानीय शासन गाविस घोषणा गर्ने तर्फ पनि हामी अगाडी सरेका छौं । यस बाहेक वातावरणमैत्री स्थानिय शासन, लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा पनि गाविसले लक्ष्यमा राखेको छ । म आउनु भन्दा पहिला फेल भएको यो गाविस सबै सहकर्मी एवम् राजनैतिक दल तथा गाविसबासीको सहयोगले नै न्यूनतम सर्त मापनमा उत्कृष्ट भएको छ । म आए पछि गाविसको कुनै पनि योजनाको रकम फ्रिज भएको छैन ।

**अगामी वर्षमा के काम गने योजना बनाउनु भएको छ ?**

भर्खर मात्रै गाविसमा रहेको सुकुम्बासी बस्ती डुबानमा परी स्थानियहरू लाई सास्ती भएको कारण सर्वप्रथम त प्रकोप व्यावस्थापन कोषको स्थापना गर्ने सोच बनाएको छु । यसैगरी बालबालिकाको निर्वाध अध्ययनको लागि समेत गाविसले सहयोग गर्ने योजना अघि सारेको छु । यस अन्तर्गत गाविसमा रहेका गरीब तथा जेहेन्दार बालबालिकालाई श्रोत अनुसारको छात्रवृत्ति प्रदान गर्ने गाविसको योजना रहेको छ । यसैगरी सरकारले निर्धारण गरेका अन्य लक्ष्यहरूमा पनि क्रमिक रूपमा अगाडी बढ्दै छु । बालमैत्री स्थानिय शासन, वातावरण मैत्री स्थानिय शासन, धुवाँ मुक्त गाविस लगायतका अभियानमा समेत आवश्यक बजेट छुट्ट्याइएको छ । यस बाहेक यसै वर्ष यस गाविसलाई जातीय विभेद तथा छुवाछुत मुक्त गाविस घोषणा गर्ने लक्ष्य पनि राखेको छु । यस बाहेक गाविसमा रहेका रमणिय स्थलहरूलाई वनभोज तथा व्यवस्थित पार्कको रूपमा बनाउने दीर्घकालीन योजना समेत अगाडी सारेको छ । गाविसको वडा नम्बर ६ भेलाईमा रहेको पोखरीलाई वनभोज स्थलको रूपमा विकसित गर्ने योजना छ । पोखरीमा डुङ्गाबाट शेयर गर्ने समेत व्यवस्था हुँदैछ ।

यस बाहेक गाविस मै रहेको ऐतिहासिक सतीया देवी मन्दिरलाई व्यावस्थापन गरी यसलाई धार्मिक पर्यटकिय स्थलको रूपमा प्रचार प्रसार गर्ने गाविसले मनस्थिति बनाएको छ ।

**अन्त्यमा ?**

सर्वप्रथम व्यक्तिगत स्वार्थ भन्दा सामाजिक विकासको लागि एकजुट भए मात्र गाविसको सर्वाङ्गिण विकास सम्भव छ । त्यसकारण व्यक्तिगत स्वार्थभन्दा माथि उठेर गाविसलाई सहयोग गर्न यसै पत्रिका मार्फत आग्रह गर्दछु । योजना माग्ने र यसलाई स्वीकृत गराउने निश्चित समय हुन्छ । समय अनुसार काम गर्न गराउन आए सहज हुन्छ । सरकारी नीति नियम अनुसार नै गाउँ बस्तीबाट माग भएका योजनाहरू परिषद्बाट पारीत हुने हुँदा त्यसकारण सोही बाटो हुँदै सबैलाई योजना पेश गर्न समेत आग्रह गर्दछु । गाविसलाई पर्यटकिय गन्तव्य बनाउन मेरो एकल प्रयासले मात्र सम्भव नहुने हुँदा गाविसमा रहेका सम्पूर्ण राजनैतिक दल, वडा नागरीक मञ्च, क्लबहरूलाई यसमा लाग्न समेत अपिल छ ।

पट्खौली गाविस

# संरक्षणको अभावमा सतीयामाई

***एमआर विश्वकर्मा***
भैरहवा ।

पट्खौली गाविस "सिलौटिया मेला" स्थलको नामले प्रख्यात रहेको छ । पट्खौली गाविस वडा नम्बर ७ मा रहेको सतीया देवी जानकी मन्दिरमा लाग्ने वार्षिक मेलाको कारण वर्ष भरी गरी खानेहरू १ दिन भए पनि मनोरञ्जनमा रमाउने साधन भएको छ ।

ऐतिहासिक एवम् पर्यटकिय महत्व बोकेको यो मन्दिर संरक्षण एवम् प्रचारको अभावमा ओझेलमा परेको यो मन्दिरलाई गाविसले मात्र महत्व दिएर नहुने पट्खौली गाविस सचिव मसहुर आलम खाँको भनाई छ । आन्तरीक श्रोतमा पनि गाविस कमजोर रहेको कारण मन्दिरलाई जिल्ला र केन्द्र स्तरबाट नै पर्यटकिय स्थल बनाउन बजेटको व्यवस्थाको लागि प्रयास गर्नु पर्ने खाँले सुझाए ।

रूपन्देहीको क्षेत्र नम्बर १ मा पर्ने पट्खौली गाविस पनि आर्थिक एवम् सामाजिक रूपमा पछाडी परेको गाविस कै रूपमा रहेको छ । अधिकांश मधेसी समुदायका बासिन्दा रहेको यस गाविसमा पछिल्लो समय पहाडबाट बसाँई सरी आएका नेपालीहरूको पनि बसाँई बन्दै गएको छ ।

भैरहवाबाट ७ किलोमिटरको दुरीमै रहे पनि यस गाविसका बासिन्दाहरू आर्थिक एवम् सामाजिक रूपमा पिछडिएकै छन् । पट्खौली गाविस करीब साढे १० वर्गकिलोमिटरमा फैलिएर रहेको छ । पट्खौली गाविसमा रोहिणी खोला रहेको र खोलाबाट नदीजन्य पदार्थ निकाल्न सकेपनि गाविसको आम्दानीमा बढ्ने देखिए पनि यस तर्फ सरोकारवालाको ध्यान पुग्न सकेको छैन ।

राष्ट्रिय जनगणनाा २०६८ अनुसार ९ सय १६ घर धुरी रहेको यस गाविसका बासिन्दाको मुख्य पेशा कृषि नै हो । २ हजार ८ सय ५५ जना पुरूष र २ हजार ८ सय ५३ जना महिला गरी यस गाविसमा ५ हजार ७ सय ८ जनाको बसोबास रहेको छ । हिन्दु र मुस्लिम धर्मावलम्बीहरू रहेको यस गाविसका स्थानियहरूको मुख्य आम्दानीको श्रोत भनेको कृषि र बैदेशिक रोजगार नै हो । बैदेशिक रोजगारीमा जानेको यकिन तथ्यांक गाविस कार्यालयमा नरहे पनि विशेष गरी युवाहरूमा बैदेशिक रोजगारीको मोह बढी देखिएको गाविस सचिव खाँको भनाई छ । यस बाहेक मुख्य रूपमा धानबाली र गहुँ बाली तथा सहायक बालीको रूपमा तेलहन, दलहन आदि लगाउने गरेका यहाँका अधिकांश बासिन्दा दैनिक ज्यालादारीमा गुजारा चलाउने गरेका छन ।

स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमले यहाँको समुदायमा सचेतना एवम् आयमुलक कार्यमा सहयोग गरेको सामाजिक परिचालक निर्मला

## हाम्रो गाउँ, हाम्रो शहर

चौधरीले बताइन् । पट्खौली गाविसमा मुख्य गरी यादव, कुर्मी, थारू, हरिजनको साथै लोपोन्मुख पथ्थरकट्टा पनि रहेका छन् । यसै गरी मुस्लिम र पहाडी समुदायको पनि यस गाविसका बासिन्दा रहेका छन् ।

वडा गत रूपमा हेर्दा पट्खौली गाविसको वडा नम्बर १ मा भएको १ सय ८ घरधुरीमा ५ सय ८९ जना, वडा नम्बर २ मा ९ सय १० जना र वडा नम्बर ३ मा ६ सय ६८ जना बसी रहेका छन । यसै गरी वडा नम्बर ४मा ७ सय ५२ जना, ५ मा ६ सय २६ जना, ६ मा ४ सय ४१ जनाको बसोबास रहेको छ भने वडा नम्बर ७ मा ५ सय ५८ जना, ८ मा ५ सय २ जना र वडा नम्बर ९ मा ६ सय ६२ जनाको बसोबास रहेको छ ।

आर्थिक र सामाजिक रूपमा कमजोर भए पनि गाविसका बासिन्दाहरू एक अर्का प्रति सहयोगी रहेको गाविस सचिव मसहुर आलम खाँको भनाई छ । छुटफुट घटनाहरू बाहेक अहिले सम्म ठुलो विवाद नआएको खाँले बताए । यस अतिरिक्त शिक्षा, स्वास्थ्य र सरसफाईको मामिलामा गाविस क्षेत्र नंम्बर १ कै अन्य गाविसको भन्दा राम्रो रहेको छ । रोहिणी पारीका सबै गाविसहरू भन्दा पहिला नै खुल्ला दिशामुक्त तथा पूर्ण साक्षर गाविस घोषणा भएको थियो । भने यहि ७ गते पट्खौलीलाई पूर्ण खोपयुक्त गाविसको रूपमा पनि घोषणा गरिएको छ । यस बाहेक आफ्नो गाविसमा बाल मृत्यु दर तथा मातृ मृत्युदर घटाउन गाविसले पहिलो पटक सुत्केरी स्याहार कोषको समेत स्थापना गरेको छ ।

पर्यटकिय सम्भावना बोकेको पट्खौली गाविसमा सतिया माई राम जानकी मन्दिरको साथै मन्दिरकै स्वामित्वमा रहेको ठूलो बगैँचा समेत रहेको छ र रमणिय र शान्त वातावरण खोज्ने जो कसैलाई पनि सो बगैँचाले लोभ्याउने गरेको छ । बगैँचालाई संरक्षण गरी यसलाई पार्कको रूपमा विकसित गर्न सके भैरहवा जस्तो व्यस्त शहरीया जीवनबाट थाकेका नगरवासीको लागि आकर्षक गन्तव्यको साथै स्थानियलाई पनि रोजगार श्रृजना हुन सक्ने छ । यस बाहेक निर्माणाधीन झोलुङ्गे पुल पनि गाविसको आकर्षणको रूपमा रहेको छ । मन्दिरकै छेउमा रहेको पिपलको रूखको पनि आफ्नै महत्व रहेको छ । रूख मात्र करिब १ एकड मा फैलिएको जगदीशधर दुबेले लेखेको ओम सतीया माई महात्ममा उल्लेख छ । गाविसमा रहेका यस्ता ऐतिहासिक एवम् पर्यटकिय महत्व बोकेको स्थानहरूको पहिचान गरी यसलाई आवश्यक प्रचार प्रसारमा ल्याइने गाविस सचिव मसहुर आलम खाँले बताए ।

आगामी दिनहरूमा सरकारले निर्दिष्ट गरेको अन्य राष्ट्रिय अभियानहरू पनि प्राथमिकतामा राखी गाविसमा लागु गर्ने गाविस सचिव खाँको भनाई छ ।





***पट्खौली गाविसमा रहेको ऐतिहासिक सतीया माई मन्दिर (माथि), ऐतिहासिक पिपलको रूख (तल) ।***



## शेयर बजार उच्च बिन्दुमा

*गत वर्षको भूकम्प तथा लामो समयसम्म भएको नाकाबन्दीले अस्तव्यस्त भएको अर्थतन्त्र सुधार भैनसकेको अवस्था एकोहोरो सेयर बजार मात्र वढेको छ । लगानीका अन्य क्षेत्र सुन्य प्रया भएको हुनाले सम्पूर्ण लगानी धितोपत्रको दोस्रो बजारमा आएको नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बाहदुर कार्कीले बताए ।*



### पूर्णिमा विकास बैंकको प्रति शेयर आम्दानी ३२ रुपैयाँ

# वित्तिय सूचकमा पश्चिम क्षेत्रकै उत्कृष्ट

*न्यूज ओके रिपोर्टर*
*भैरहवा ।*

पूर्णिमा विकास बैंक भैरहवाको प्रति शेयर आम्दानी ३२ रूपैयाँ पुगेको छ । गत आर्थिक वर्ष २०७२/७३ को असार मसान्त सम्म बैंकको मुनाफाको आधारमा प्रति शेयर आम्दानी उक्त प्रतिशत बराबर भएको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरूङ्गले बताए । वर्षभरीमा सबै खर्चहरू कटाई खुद आम्दानी निकालिन्छ ।

यो प्रति शेयर आम्दानी पश्चिम क्षेत्रका विकास बैंक तथा फाइनान्सहरू मध्ये उत्कृष्ट हो । पछिल्लो ३ वर्षमा उल्लेख्य प्रगति पूर्णिमा विकास बैंकले गरेको छ ।

अघिल्लो आर्थिक वर्ष ( २०७१/७२)को तुलनामा गत आर्थिक वर्ष(२०७२/७३)मा बैंकको सञ्चालन मुनाफामा ४२ प्रतिशतले , निक्षेपमा (बचत) २९ र कर्जा लगानीमा २८ प्रतिशत वृद्धि भएको छ । असार मसान्त सम्म बैंकको सञ्चालन मुनाफा १० करोड ३० लाख रूपैयाँ , निक्षेप (बचत) २ अर्ब ३२ करोड ,कर्जा (लगानी) १ अर्ब ७० करोड ४५ लाख रूपैयाँ रहेको छ ।

आफ्ना शेयर धनीहरूलाई अघिल्लो वर्ष (२०७१/७२)को आम्दानीबाट २४ प्रतिशत बोनस बितरण गरेको बैंकले यो वर्ष पनि ७२/७३ को आम्दानी बाट गत वर्ष भन्दा बढी बोनस बितरण गर्न सक्ने अनुमान छ । प्रति शेयर आम्दानी ३२ रूपैयाँ पुगे पनि शेयर धनीलाई सबै आम्दानी प्रदान गर्न मिल्दैन । नेपाल राष्ट्र बैंकको नीति अनुसार केही रकम छुट्याएर मात्र शेयर धनीलाई वितरण गर्नुपर्दछ । यो वर्ष कति आम्दानी वितरण गर्ने भन्ने कुरा बैंक व्यवस्थापनले निर्णय गरे पछि स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा पठाउनुपर्दछ ।

बैंकको असार मसान्त सम्म २ अर्ब ३२ करोड १८ लाख रूपैयाँ निक्षेप र १ अर्ब ७० करोड ४५ लाख कर्जा लगानी रहेको छ ।

रूपन्देही सदरमुकाम भैरहवामा केन्द्रिय कार्यालय स्थापना गरेर सञ्चालनमा आएको पूर्णिमा विकास बैंक अहिले बित्तीय सूचकका आधारमा पश्चिम क्षेत्रमै उत्कृष्ट ठहरिएको छ । बैंकले आर्थिक वर्ष २०७२/७३ मा गरेको कारोबारको आधार,बैंकको चुक्ता पूँजी ,बचत तथा निक्षेप परिचालन,निष्कृय कर्जा लगायतका कुरालाई हेर्दा रूपन्देहीमा केन्द्रिय कार्यालय रहेका विकास बैंक र फाइनान्स मात्र नभई नारायणी र गण्डकी पश्चिम क्षेत्रमा समेत उत्कृष्ट देखिएको हो ।




| | |
|---|---|
| निक्षेप | : २ अर्ब ३२ करोड १८ लाख |
| कर्जा | : १ अर्ब ७० करोड ४५ लाख |
| सञ्चालन मुनाफा | : १० करोड ३० लाख |
| शाखा | : ८ |
| ग्राहक संख्या | : ४१ हजार |
| चुक्ता पूँजी | : २० करोड १७ लाख |

**शेयर बजारमा समेत अहिले पूर्णिमा विकास बैंकको शेयर खरीद बिक्रीमा सर्वसाधारणको चासो बढेको छ। सोमबार यसको १ सय रूपैयाँ मुल्यका प्रति शेयर ७ सय २० रूपैयाँमा खरिद बिक्री भएको थियो। हाल चुक्ता पूँजी २० करोड १७ लाख रहेको पूर्णिमा बैंकले पूँजी बढाउन भदौ महिना भित्रै १० करोड ८ लाख बराबरको हक प्रद शेयर जारी गर्दैछ।**

शेयर बजारमा समेत अहिले पूर्णिमा विकास बैंकको शेयर खरीद बिक्रीमा सर्वसाधारणको चासो बढेको छ । सोमबार यसको १ सय रूपैयाँ मुल्यका प्रति शेयर ७ सय २० रूपैयाँमा खरिद बिक्री भएको थियो । हाल चुक्ता पूँजी २० करोड १७ लाख रहेको पूर्णिमा बैंकले पूँजी बढाउन भदौ महिना भित्रै १० करोड ८ लाख बराबरको हक प्रद शेयर जारी गर्दैछ ।

रूपन्देही नवलपरासी र चितवन गरी ३ जिल्ला कार्यक्षेत्र रहेको पूर्णिमा विकास बैंकको सिद्धार्थनगर( भैरहवा)मा केन्द्रिय कार्यालय, रूपन्देहीकै भलवारी, ड्राईभर टोल, बुटवल र सूर्यपुरामा शाखा, धकधईमा बिस्तारित शाखा तथा नवलपरासी रामग्राम र चितवनमा शाखा रहेका छन् । हाल बैंकको ४१ हजार ग्राहक सेवाग्राही रहेका छन् । बैंकले आफ्ना ग्राहकहरूका लागि सर्वसुलभ दरमा विभिन्न निक्षेप( बचत), मुद्धती र कर्जा योजनाका साथै एटिएम, मोबाईल बैंकिङ्ग जस्ता आधुनिक बैंकिग सेवा प्रदान गरिरहेको छ ।

# सेयर बजारमा जोखिम वढ्यो: बोर्ड

*न्यूज ओके रिपोर्टर*
काठमाडौं ।

नेपाल स्टक एक्सचेन्ज(नेप्सेमा) परिसुचकले निरन्तर सुधारको गती लिएपछि लगानी वढाउन जोखिम वढेको छ । सेयर बजार एकोहोरो वढ्दा फाइदा मात्र नभै जाखिम पनि उत्तीकै हुन्छ ।

गत वर्षको भूकम्प तथा लामो समयसम्म भएको नाकाबन्दीले अस्तव्यस्त भएको अर्थतन्त्र सुधार भैनसकेको अवस्था एकोहोरो सेयर बजार मात्र वढेको छ । लगानीका अन्य क्षेत्र सुन्य प्रया भएको हुनाले सम्पूर्ण लगानी धितोपत्रको दोस्रो बजारमा आएको नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बाहदुर कार्कीले बताए । "पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थामा देखिएको नाफा नियामक निकायले सहुलीयत दिएको कारणले हो," कार्कीले भने,"सेयर बजार हल्लाका भरमा वढीरहेको छ ।" लगानीकर्ताले लगानी गर्न पाउने उनीहरूको अधिकार भएको बताउने कार्की साना तथा नयाँ लगानीकर्ताले सेयरमा लगानी गर्दा जोगिएर गर्न सुझाए ।

नेपाल स्टक एक्सचेन्ज(नेप्से) परिसुचक यो साताका पाँच दिनमा ८० अंक भन्दा धेरै वढेको छ । यो साता नेप्सेमा हलसम्मकै उच्च रकमको कारोबार मात्र भएन नेप्से परिसुचकले पनि नयाँ उचाइ लियो । यो साताको पहिलो दिन आइतबार कारोबार सूरू हुँदा १७९८.८३ अंकमा रहेको नेप्से परिसुचक बुधबारसम्ममा ८० अंकले वढेर १८८१.४५ विन्दुमा पुगेको छ । यो हालसम्मकै उच्च अंक हो ।

यो साताको पहिलो दिन आइतबार नेप्सेमा कारोबार नै भएन । सेयर बजारमा आईतबार सेयर कारोबार नै हुन सकेन । अर्थ मन्त्रालयले दलाल कम्पनीको कारोबार कमीसन घटाएपछि धितोपत्र दलाल कम्पनीले आईतबार सेयर खरिद बिक्री आदेश नै नदिएपछि कारोबार नभएको थियो । आइतबार नेप्सेले कारोबार खुला गरेको भएपनि दलाल कम्पनीले नै खरिद तथा बिक्री आदेश नदिएपछि सेयर लगानीकर्ताले सेयर खरिद बिक्री गर्न पाएनन् । तर, सोमबार, मंगलबार र बुधबार निरन्तर दोहोरो अंकले वढेको छ ।

धितोपत्र बोर्डले लगानीकर्ताले सचेत गराउदै आएको छ भने नेपाल राष्ट्र बैंकले मौदिंक नीतिमार्फत बजारको सुधार सच्चीनु पर्ने संकेत गरेको छ । तर, सेयर बजार परिसुचक भने दिन प्रति दिन नयाँ उचाइ वनाएको छ । यो साताको नेप्सेमा कारोबार भएको तेस्रो दिन



मंगलबार हालसम्मकै उच्च कारोबार भएको छ । सोमबार नेप्सेमा २ अर्ब ७५ करोड रूपैयाँ बरावरको सेयर किनबेच भएको छ । सेयर बजार परिसुचक संगै कारोबार रकममा पनि सुधार आउनु सकरात्मक मानिन्छ ।

सरकारले गत आर्थिक वर्षको बजेटमा ६ प्रतिशतको आर्थिक वृद्धि हाशील गर्ने अनुमान गरेको भएपनि बास्तबीकता ०.४७ मा सिमित रहने देखिएको छ । त्यसपछि असोजपछि सुरू भइ १३५ दिनको नाकाबन्दीले अस्तव्यस्त भएको आर्थिक गतिविधिका कारण आर्थिक वृद्धि खुम्चेको हो । गत आवको सेयर बजार सकरात्मक हुनुको मुख्य कारण भनेको वित्तीय क्षेत्रमा देखिएको अधिक तरलता हो । वित्तीय प्रणालीमा देखिएको अधिक तरलता बैंक वित्तीय संस्थाको व्याजदर घट्न गयो । त्यसको सकरात्मक प्रभाव सेयर बजारमा देखियो । वित्तीय प्रणालीको व्याजदर र सेयर बजारको उल्टो सम्बन्ध रहेको हुन्छ । अर्थतन्त्र अनुसार सेयर बजारको उतारचढाव हुनका लागि नेप्सेमा सुचिकृत कम्पनीहरूको सहभागीतापनि समान रूपले हुनु पर्छ । अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान रहेको कृषि क्षेत्रको कुनै पनि कम्पनी नेप्सेमा सुचिकृत छैन । बैंक तथा वित्तीय संस्थाको बाहुल्यता रहेको सेयर बजारमा सिमित क्षेत्रको गतीविधिले पनि समग्र परिसुचक निर्देशीत हुन्छ । जसले गर्दा वित्तीया क्षेत्रमा अधिक तरलताले कम व्याजदरमा सहज कर्जा उपलब्ध भएपनि लगानीकर्ताको बिकल्पको रूपमा सेयर बजार मात्र देखिएकाले एकोहोरो वढेको हो ।

गत वर्ष भूकम्प पछि सेयर बजार क्र्यास हुने त्रासमा रहेका लगानीकर्ताको मनोवल एकाएक बलीयो भएर आएको नेपाल स्टक ब्रोकर एसोसएिसनका पुर्व अध्यक्ष अञ्जन राज पौड्यालले बताए । भूकम्पका कारण लामो समय कारोबार हुन पनि नसकेन बताउदै पौड्यालले भने,"उद्योग धन्दा लगायतका क्षेत्र लगानी अनुकूल नभएपछि सेयर बाजारमा लगानी वढ्यो ।" भूकम्पपछि जग्गाको किनबेच पनि रोकीएको अवस्था थियो । विप्रेषको आप्रबाह पनि वढ्को थियो । वित्तीय प्रणालीको तरलता वढी नै रह्यो । सेयर बजारमा बैंकहरूको लगानीका लागि सुरक्षीत हो भन्ने विश्वास बैंकरहरूमा भएको बताउदै उनले भने,"डिफल्टको केस न्यून हुने भएकाले पनि बैंकहरूले लगानी गर्न हिचकिचाएनन् ।"

बुधबार नेप्से परिसुचक १४ अंकले वढेर हालसम्मकै उच्च १८८१.४५ अंकमा पुगेको छ । यो साताभर नेप्सेमा बैंक तथा वित्तीय संस्थाको सेयर मूल्य वढीनै रह्यो । बुधबार पनि बैंक तथा वित्तीय संस्थाको सेयर मूल्य वढेपछि नेप्से परिसुचक १४.९५ अंकले वढेको हो । बुधबार नेप्सेको कारोबार रकममा भने कमी आएको छ । नेप्सेमा १४८ कम्पनीको १० हजार ७ सय ९३ कारोबारवाट २ अर्ब २६ करोड रूपैयाँ बरावरको ४३ लाख ८८ हजार ७ सय ९८ कित्ता सेयर किनबेच भएको छ ।

# शब्दचित्रमा न्यूज ओकेको "शुभारम्भ"

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

लुम्बिनी अञ्चललाई केन्द्र बिन्दु बनाई भैरहवाबाट न्यूज ओके साप्ताहिक पत्रिकाको प्रकाशन सुभारम्भ भएको छ । आर्थिक विषयका समाचारहरु प्राथमिकतामा रहने न्यूज ओके पत्रिकाको नेपाल पत्रकार महासंघका केन्द्रिय सभापति डा. महेन्द्र बिष्टसहितका बिशिष्ट अतिथिहरुले शुभारम्भ गरे ।

सो अवसरमा प्रमुख अतिथि डा.विष्ट, विशिष्ट अतिथि रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद ढकाल, नेपाल पत्रकार महासंघ रुपन्देही शाखा सभापति शेरबहादुर के.सी., लुम्बिनी प्रेस क्लबका अध्यक्ष माधव ढुंगाना, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष रामकुमार शर्मा, नेपाली काँग्रेसका जिल्ला कोषाध्यक्ष दीपक क्षेत्री न्यौपाने लगायतले पत्रिका प्रकाशनको शुभकामना दिएका थिए ।

पत्रिका सञ्चालक समितिका अध्यक्ष बिमल सेञ्चुरीको अध्यक्षता, पत्रिका संचालक समिति सदस्य प्रकाश पोखरेलको स्वागत मन्तव्य एवं पत्रिकाका सम्पादक/प्रकाशक मनोरञ्जन शर्माको सञ्चालनमा सम्पन्न उक्त समारोहमा अध्यक्ष बिमल सेञ्चुरीले एक महिना भित्र पत्रिकाको अनलाईन सस्करण पाठक सामु ल्याउने बताउँदै प्रशारण क्षेत्रमा पनि जाने तयारी रहेको बताए ।



१




२



३




४




५




६

उद्घाटन गर्दै प्रमुख अतिथि डा.बिष्ट (१) पत्रिकाको सामूहिक विमोचन गर्दै प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत अन्य अतिथिहरु (२) न्यूज ओके पत्रिका पढ्दै कार्यक्रममा सहभागी अतिथिहरु (३) प्रमुख अतिथिको मन्तव्य राख्दै डा.विष्ट (४) प्रजिअ ढकाललाई मायाको चिनो प्रदान गर्दै पत्रिकाका अध्यक्ष विमल सेञ्चुरी (५) विमोचन समारोह सम्पन्नपछि अतिथिगणहरुसँग सामूहिक तस्वीरमा पत्रिकाका संचालकहरु (६)

*शब्दचित्र तस्बीर : दीपक परियार न्यूज ओके*

२०७३ साउन १३ गते बिहीबार (28 July, 2016 Thursday)

NEWS

www.newsok.com.np

# English Page

न्यूज ओके

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# Nawayug, Phupu Take Top Honours

***News Ok Reporter***
***Bhairahawa.***

Nawayug Shrestha and Phupu Lhamu Khatri emerged the winners of the best players' awards, which were presented to them by Nepal Sports Journalists Forum (NSJF).

Shrestha, the national ace football striker, and judo player Phupu walked home with the Best Player of the Year Awards on the day when football had captured limelight after pocketing six out of nine awards that were up for grabs in the NSJF Pulsar Sports Award 2072 held in Kathmandu last Thursday.

Shrestha won Best Male Player of the Year award at a special function held at the Nepal Academy auditorium. He had led Nepal to the two international titles in a row. Judo player Phupu Lhamu Khatri bagged the Best Female Player of the Year award. She had won the gold medal in the 12th South Asian Games.

Nepali football team's goalkeeper Bikesh Kuthu, weighlifter Bikash Thapa, wushu player Rajesh Chaudhary and taekwondo player Bir Bahadur Mahara had been other nominees in the category for the men's Best Player Award.




Swimmer Gaurika Singh, triathlon athlete Roja KC, taekwondo player Rojina Karki and Wushu player Nima Gharti Magar had been other contenders in the female best player category.

Shree Ram Ranjitkar was honoured with the Lifetime Achievement Award for his six decades of services to the Nepali football both as national player and referee. Young football player Anjan Bista received Youth PoY and Bal Gopal Maharjan was presented with the Coach of the Year honours.

The differently abled female player, Sita Bhandari, won the Para Athelete of the Year honour. In the meantime, table tennis female player Nabita Shrestha won the People's Choice Award which was held through SMS and Facebook voting

The national football team that won two international titles had grabbed the team honour. The national football team had won two titles in a row- the Bangabandhu Gold Cup in Bangladesh and the SAG Football Gold Medal in India.

Cricketer Sandip Lamichhane, wushu player Nima Gharti Magar, swimmer Gaurika Singh, and judoka Manita Shrestha Pradhan were the other contenders in the youth category while

football coach Raju Kaji Shakya, cricket coach Jagat Tamata, wushu instructor Prakash Maharjan and Judo instructor Dal Bahadur Gurung the contenders of the best coach award.

President of Three Star Club and Vice President of All Nepal Football Association Late Lalit Krishna Shrestha was posthumously given a Special Award. His wife Nilu Shrestha recieved the honors. A 7-member selection panel recommended the names of the players on the basis on their performance during the 2072 B.S.

Each of the winners of the male, female and popular player award categories bagged a Pulsar motorbike while the winner of other categories received a purse of Rs 50,000 each, along with trophies and gift hampers.

# Hike for Nepal in Hong Kong

***N. Shrestha***
***Hong Kong.***

Hong Kong-city nicknamed as Asia's world city, became Nepal fest for four hours on last Sunday, 24 July 2016, due to the Hike for Nepal program. This Hike for Nepal (long route walking) program was organized for tourism promotion in Nepal which was devastated by the earthquakes in April and May 2015. The theme for the 13 kilometers hike was let us move our feet along with Nepal. The program started from Central Hong Kong Observation Wheel, located at the heart of the city, at 08:30 hrs and crossed through Wan Chai Gap, Wang Nai, ChungReservoir Park and through other main thoroughfares, roads, alleys, trekking routes and wading through the mountains came to an end in the Repulse Bay near the sea. Hike was participated by about 300 people which included the local resident Nepalese, Chinese and other foreigners alike and they were wearing We Will Rise T-shirts as an emblem. The program was started by Consul General Mr. Kamal Prasad Bhattarai hoisting Nepal's flag.

PhurbaTenzing Sherpa, who had ascended Mt. Everest, the highest peak in the world at 8,848 meters and Mr. ThaneswoGuragai, who has established 12 Guinness World Records were the main attractions of the program. Guragain in the process of establishing his 13th record moved a baseball for 6.62 second in the backlap of the body. Phurba has created a history climbing Mt. Everest 9 times within the age of 17 to 24 years. Another rare record Phurba holds is the ascent of Mt Everest twice during 3 days period. This program was organized by MiteriSewaSamitiPokhara Hong Kong under the banner of We Will Rise campaign for the promotion of tourism in Nepal. TulsiGurung, Chairman of MiteriSamaj said that the program was organized with a view to contribute for the promotion of tourism from Hong Kong to Nepal. He further added that the enthusiasm shown by local resident Nepalese and Chinese alike, despite scorching heat, have given a great impetus to the organizer. Local Chinese John Tsang also participated the hiking who climbed the Everest twice.



Consul General Kamal Prasad Bhattarai along with Phurba Tenzing Sherpa inaugurating the 13 kilometers Hike for Nepal program on Sunday.

***Photo : South China Morning Post/Nora Tam***

We Will Rise campaign which was launched to extend cooperation to the victims of the last year's earthquakes has been gaining ground all over the world with each passing day. This campaign has been getting support and cooperation from all quarters of the world and it is continuing to hold various extortive promotional programs.



***PhurbaTenzing Sherpa***

# K.I. Nepal Active At Nepal-India Border

## *3796 Persons Leaving For Foreign Employment Through Belahiya Border Point Receives Counseling*

***News Ok Reporter***
***Bhairahawa.***

At a time when the Nepal-India border at Belahiya of Rupandehi district has turned into a major transit point for human trafficking lately, the K.I. Nepal has increased its monitoring and surveillance against human trafficking taking place through this transit point.

K.I. Nepal has tightened the monitoring at the border area to eradicate the increasing incidents of human trafficking in this taking place through this transit point.

In the hope of getting employment in Gulf countries, many innocent and poor women and young girls of Nepal are traveling those countries using this border point to reach India and then to other countries.

According to K.I. Nepal, the agents are widely using this border point to escort the innocent women of Nepal to reach New Delhi from where they send the women to different Gulf nations without completing legal procedures.

**women and girls were ignorant about the countries they are visiting for the employment. They have been manipulated by the agents. When they were queried where they were going through the transit point, most of them claimed that they were visiting India for vacation.**

***Tara sapkota (Coordinator K.I Nepal, Rupandehi)***



Tara Sapkota, Coordinator of K.I Nepal, said women and girls were ignorant about the countries they are visiting for the employment.

They have been manipulated by the agents. When they were queried where they were going through the transit point, most of them claimed that they were visiting India for vacation, she added.

They were unaware that they might be trafficked to the Indian brothels and in Gulf countries and could face sexual and physical exploitation, said Sapkota.

There is an urgent requirement to raise awareness against human trafficking. Monitoring at border points should be tightened, he added.

The organisation has been active to prevent women trafficking, rescuing the victims of trafficking and advocating for justice for the rescued women.

It has been providing counseling and interrogation programme in the border area, informed K.I Nepal.

Sapkota informed that during the last fiscal year, the organisation provided counseling to 3,796 women and girls who were about to cross the transit point in the hope of getting better future in India and the Gulf countries.

Out of them, 261 women were rehabilitated back to their families after providing counseling. It has handed over a total of 222 women to the police for further investigation, he added.

After the devastating earthquake of last year, the number of women travelling to the Gulf countries and third world countries via India has highly increased.

# 21st Installation of Officials of Rotary Club of Lumbini

***News Ok Reporter***
***Bhairahawa.***

Rotary Club of Lumbini recently organised its 21st Installation Programmes of its club officials. At the programme, the outgoing president of the club, Kishor Joshi, who presided the club for the year 2015/2016, handed over the president's responsibility to newly elected president, Khim Bahadur Karki who will preside the club for the year 2016/217.




The installation programe was presided over by newly elected president Karki and the programme had District Governor elect Sanjay Giri as its chief guest.

While addressing the installation function, the District Trainer Rajiv Pokhrel, AG Hari Pokhrel, Rupandehi Chief District Officer Bishnu Prasad Dhakal, Siddharthnagar Chamber of Commerce and Industries President Ram Kumar Sharma, National Trade Association President Narayan Bhandari, former President of the club, Shanta Kumar Sharma had congratulated the newly installed club officials and wished the club officials that their 2016/2017 tenure would be successful.

These speakers said that Rotary Club has proved itself as the most active club working for the betterment of the society. They wished that the club would perform better in the days ahead. Rajiv and Hari Pokhrel had administered the oath of office to the new members of the club.

The outgoing president Joshi had presented souvenir and token of love to all the club members and also to those who extended their assistance to the clubs. Newly installed president Karki had administered the oath of office to all newly elected officer bearers of the 2016/2017 committee.

The outgoing secretary Prakash Pokhrel and newly elected secretary Devi Gurung had conducted the programme as masters of ceremonies. The programme coordinator Kamal Dhakal had delivered welcome speech at the installation function.

# Workshop on Basic Photography in Dentistry

***News Ok Reporter***
***Bhairahawa.***

UCMS College of Dental Surgery,Bhairahawa organized a workshop on basic photography in dentistry on 23rd July 2016. In the inauguration function of this workshop Dr B.S.Srivastava (Vice Principal UCMS), Dr. Hemant Halwai(Vice Principal Dental), Dr. Khushbu Adhikari (organizing Secretary), Dr. Shounak Ghosh (guest Speaker) from India,Faculties & students were present. The theme of workshop was "Bull's Eye - Making the Right Shot" .




Dr Hemant Halwai Vice principal dental said that, In dental practice photography is a major role in teaching,research work & clinical recording. Our participants got benefited through this lecture and workshop regarding knowledge about clinical intra oral skills as well as developing the fundamentals to include dental photography as a significant role in dental practice.

In this workshop dental experts high lighted upon -how to use digital dental photography to achieve good result, demonstration of dental camera Kits & equipments, the most current techniques in dental photography and intraoral tips and strategies for quality images.

## Three more killed in landslide in Pyuthan

*Pyuthan*

A landslide triggered by continuous rains since Monday buried five houses at Sim of Phopli-6 in Pyuthan, killing three including a couple. Others four have gone missing in the landslide that occurred last night.

The deceased have been identified as Narayan KC; and Dron Bahadur KC and his spouse Pabitra.

Others four Hari Bahadur KC, his spouse Bindu, Nara Bahadur Budhathoki ( Jageshwor ) and his wife Tima are missing in the disaster. Hari Bahadur is the central member of CPN (Maoist).

However, Nani Maiya KC and Bhimsen Pun were rescued alive from the landslide debris.

So far 20 people have been killed and 24 have gone missing in the landslide-related incidents in the district.

## हार्दिक समवेदना



जन्म मिति : १९८१ पौष २९

निधन : २०७३ श्रावण १ गते

**स्व. श्री हरिहर गौतम**

सिद्धार्थनगर नगरपालिका कार्यालयका प्रमुख एवम् कार्यकारी अधिकृत श्री विष्णुदत्त गौतमज्यूको पुजनिय पिता स्व. श्री हरिहर गौतमको असामयिक दुःखत निधनले हामिलाई अत्यन्त मर्माहत तुल्याएको छ । आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिर शान्तिको कामनाको साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सिद्धार्थनगर नगरपालिका कार्यालय**

कर्मचारी परिवार, सिद्धार्थनगर भैरहवा, रुपन्देही

## बर्गीकृत विज्ञापन | Classified Display

**आकर्षक जग्गा विक्रीमा**

**गौतमबुद्ध विमानस्थल अगाडि सडकबाट उत्तरतर्फ आकर्षक जग्गा विक्रीमा । १ सय १० फिट सडक मोहडा भएको ५ कठ्ठा १० धुर जग्गा विक्रीमा छ ।**

होटल, व्यवसायिक भवनका लागि बहुउपयोगी जग्गा




सिधा सम्पर्क नं. : ९८५७०२२३५५

**वर्गीकृत विज्ञापन दररेट**

प्रति स्पट : (मु.अ.क. कर बाहेक)

रू. ५००।-

**न्यूज ओके साप्ताहिक**

सिद्धार्थनगर, देवकोटाचोक, भैरहवा, मो. ९८५७०६२३५२

DREAMS
Localizing Technologies

**Double Ray Engineering And Multi Services**

IT Consultancy | Software | Website | Network | Security | Intercom | GPS Tracking

Milan Chowk, Siddharthanagar, Bhairahawa
T: +977 71 522042, 9815444817 | E: info@dreams.com.np | W: dreams.com.np

**Sales :: Service :: Support**

रु.जि.प्र.का.द.नं. १६६/०७२/०७३
न्यूज ओके राष्ट्रिय साप्ताहिक

# दुर्गा युवा क्लब (डीवाईसी) च्याम्पीयन

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

दुर्गा युवा क्लब (डिवाईसी) कोटहीमाई चिल्हिया, लिस्नुकप नक आउट फुटबल प्रतियोगिताको १६ औं संस्करणको बिजेता बनेको छ ।

रूपन्देही कोटीहवा स्थित पशुपति उच्च माविको खेलमैदानमा गत आइतबार सम्पन्न फाइनलमा प्रतिस्पर्धी टिम पश्चिमाञ्चल प्रहरी तालिम केन्द्र बुटवललाई पेनाल्टीमा स्तब्ध बनाउँदै डिवाईसीले १६ औं लिस्नुकपको उपाधी सहित नगद १ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको छ ।




लिस्नुकप नक आउट फुटबल प्रतियोगिताको १६ औं संस्करणको बिजेता डिवाईसी टिमका खेलाडीको सामूहिक फोटो र ट्रफीसहित खेलाडी ।

खेल सकिन १५ मिनेट बाँकी छँदा तिन गोलले पछि परेको डिवाईसीले अन्तिम पन्ध्र मिनेटमा स्तरीय प्रदर्शन गर्दै फाइनल खेलको माहौल नै परिवर्तन गर्न सफल भयो ।

खेल सुरू भएको चौथो मिनेटमा युवराज राईको गोलले अग्रता लिएको पुलिस टिमले ४१ औं मिनेटमा दिनेश गुरूङ्गको गोल पछि अन्तर २-० मध्यान्तर सम्म हुन पुग्यो । २ गोलले पछि परेको डिवाईसीले ७० मिनेटमा थप एक गोल खायो । पुलिसका नारायण थापाको प्रहारले जाली चुम्दा गोल अन्तर ३-० हुन पुग्यो । ३ गोलले पछि परी हतास

**१६ औं लिस्नुकप नक आउट फुटबल प्रतियोगिता**

भएको डिवाईसी टिम पुलिसका अगाडी निरीह जस्तै देखिन पुग्यो । तर ७६ मिनेटमा डिवाईसीका तेज लामाले गोल गर्दै खेलमा संभावना जिवीत रहेको देखाए । लगत्तै ७९ मिनेटमा सुमन लामाको प्रहार पुलिसका गोलरक्षकले छेक्न नसक्दा गोल अन्तर ३-२ भई खेल रोमाञ्चक स्थितिमा गइसकेको थियो । लगातार २ गोल गरेपछि डिवाईसीका खेलाडीमा उत्साह छायो । दर्शकको थप हौसला संगै ८५ मिनेटमा रूपेश केसीले आकर्षक गोल गर्दै खेललाई बराबरी बनाए ।

बराबरी पछि बिजेताको टुंगो पेनाल्टीबाट हुँदा डिवाईसी भाग्यमानी ठहरियो । डिवाईसीका गोलरक्षकले प्रहरीको दुई वटा पेनाल्टी प्रहारलाई असफल बनाए ।

दुबै टिमले राष्ट्रिय टिमका चर्चित खेलाडीहरू मैदानमा उतारेका थिए । रूपन्देही, नवलपरासी, स्याङ्जा र चितवनका १६ टिम सहभागी रहेको प्रतियोगिताको बिजेता टिम डिवाईसीले १ लाख ५० हजार, उपबिजेता प्रहरीले ७५ हजार तथा सेमिफाइनलमा पुग्ने चार टिमले २५ हजारका दरे नगद पुरस्कार प्राप्त गरे ।

प्रतियोगिता समापनका अवसरमा खेलबाट बचत भएको रकम मध्येबाट पशुपति उच्च मावि कोटिहवालाई एक लाख रूपैयाँ र नेपाल अविनास अनाथ आश्रम कोटिहवालाई ५० हजार रूपैयाँ सहयोग गरेका क्लबका अध्यक्ष खेमराज गुरूङले बताए ।

## छबिलालको पैदल यात्रा सुरु

# लुम्बिनी देखि काठमाण्डौसम्म यात्रा गर्दै

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

विगत एकदशक देखि विश्व शान्तिको कामना गर्दै हरेक वर्ष पैदलयात्रा गर्दै हिड्ने भैरहवाका युवा व्यवसायी छबिलाल धवलले यस वर्ष पनि पैदलयात्रालाई निरन्तरता दिएका छन् ।



पैदल यात्रामा निस्केका धवललाई भैरहवामा विदाई गर्दै जगर्श ग्रुपका सदस्यहरु, होली सिटी लायन्स क्लब र घरपरिवारका सदस्यहरु ।

विगतका वर्षहरूमा भारतको विभिन्न स्थानमा पैदलयात्रा हिड्ने गरेका धवलले यस वर्ष बुद्धजन्मस्थल लुम्बिनीबाट पशुपतिनाथ काठमाण्डौ सम्मको पैदलयात्रा सुरू गरेका छन् ।

धवलले आफ्नो यात्रा गत शनिबार देखि सुरू गरेका हुन् । बुद्धजन्मस्थल लुम्बिनीमा लायन्स क्लब अफ होलीसिटी सिद्धार्थनगरले राष्टिय झन्डा र बौद्ध झन्डा हस्तान्तरण गर्दै बिदाई गरेको हो । क्लबले पैदलयात्रा मार्गमा पर्ने विभिन्न जिल्लाका लायन्स क्लबहरू सँग सहकार्य गर्दै मार्गमा स्वागत र विश्राम तथा आतिथ्यताको व्यवस्था समेत मिलाएको होलिसिटीका संस्थापक अध्यक्ष ओम श्रेष्ठले बताए । बिदाई कार्यक्रममा अन्तर्राष्ट्रिय बौद्ध समाजका अध्यक्ष एवं लुम्बिनी विकास कोषका आध्यात्मिक सल्लाहकार भिक्षु मैत्रीले झन्डा हस्तान्तरण गरेका थिए । होलीसिटीका अध्यक्ष चन्द्रभक्त श्रेष्ठले पदयात्राको सबै खर्च क्लबले बेहोर्ने बताउँदै शान्तिको लागि सबै लाग्नु पर्ने बताए ।

पैदलयात्री धवलले आफुले पैसाका लागि नभई देशमा शान्ति छाओस् भन्दै निरन्तर पैदलयात्रा गरिरहेको र यस पटकको यात्राले शान्ति सन्देश सँगै लुम्बिनी र पशुपतिनाथलाई एकापसमा जोडाउने लक्ष्य रहेको बताए ।

देशमा पूर्ण शान्ति नआउँदा सम्म पैदल यात्रा गरिरहने भन्दै धवलले २०६२ साल देखि निरन्तर यात्रा गर्दै आएका छन् ।

सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ दयापथ निवासी ४७ वर्षका धवल पैदलयात्राका क्रममा भैरहवा आइपुग्दा स्थानिय जगर्श ग्रुपले बिदाई गरेको थियो । सो क्रममा ग्रुपका संस्थापक अध्यक्ष हरिचन्द्र श्रेष्ठ र अध्यक्ष अनिल उपाध्याय तथा सदस्यहरूले मालाखादा लगाई बिदाई गर्नुका साथै ५ हजार आर्थिक सहयोग प्रदान गरेका थिए ।

गिनिजबुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउने मेरो चाहना होईन,मेरो चाहना केबल स्थायी शान्तिको लागि हो ।

शान्तिको कामना सहीत देशको प्रचार गर्ने अभियानमा हरेक वर्ष पैदलयात्रामा हिड्ने धवनलाई भने कुनै पनि सरकारी निकाय बाट केही पनि सहयोग छैन् ।

टिभी कम्पयुटर मेकानिक्स रहेका धवन प्रत्येक वर्ष पैदलयात्रामा निस्कदा व्यवसायमा अप्ठेरो नपरोस् भन्दै आफ्नो श्रीमती नेहा धवनलाई पनि मेकानिक्सको तालिम दिएको र आफ्नो अनुपस्थितिमा काम गर्न सक्ने भएकाले समस्या नआएको बताउँछन् । उनको विशेषता भनेको पदयात्रा गर्दा जुत्ता नलगाई चप्पल मात्रै लगाएर यात्रा गर्नु हो ।

# मैत्रीपूर्ण फुटबलमा जेसिआई सिद्धार्थ विजयी




मैत्रीपूर्ण फुटबलमा विजेता जेसिआई सिद्धार्थ (बाँया), उपविजेता जगर्श ग्रुप भैरहवा (दायाँ) लाई ट्रफी प्रदान गर्दै सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय, भैरहवाका प्रमुख गणेश संग्रौला । ***तस्बीरः प्रकाश न्यौपाने***

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

बिहान मर्निङ्ग वाक गर्नेहरूको समूह जगर्श ग्रुप र जेसिआई सिद्धार्थबिच सम्पन्न मैत्रीपूर्ण फुटबल प्रतियोगितामा जेसिआई सिद्धार्थ बिजयी भएको छ । गत शनिबार कृषि क्याम्पस पक्लिहवामा भएको खेलमा जेसिजले जगर्शलाई ८-१ गोलको भारी अन्तरले पराजित गरेको हो ।

जेसिजको जितमा संस्थाका पूर्व अध्यक्ष तथा पूर्व राष्ट्रिय खेलाडी दिपेन्द्र श्रेष्ठ एक्लैले ५ गोल गरेका थिए । श्रेष्ठले खेलको ८,२०,३०,४१ र ४३ मिनेटमा गोल गरेका थिए ।

खेल सुरूसंगै जेसिजका कमल जिशीले दोश्रो मिनेटमै गोल गरी खाता खोलेका थिए । खेलमा २ गोल गरेका जिशीले दोश्रो गोल १२ मिनेटमा गरे । जिशीको एउटा पेनाल्टी प्रहार भने बाहिरिएको थियो । त्यस्तैगरी जेसिजका लागि सुरज उप्रेतीले एक गोल गरे ।

जगर्श ग्रुपका लागि सान्त्वना गोल कृष्ण कुँबरले गरे । बल खेलको पुरै समय जेसिआई सिद्धार्थको नियन्त्रणमा थियो । जेसिज अगाडि निरीह रहे जगर्श ग्रुप । मैत्रीपूर्ण खेलका बिजेता तथा उपबिजेताहरूलाई प्रमुख अतिथी सशस्त्र प्रहरी सीमा सुरक्षाबल रूपन्देहीका प्रमुख तथा सशस्त्र प्रहरी उपरीक्षक गणेश प्रसाद संग्रौला, जेसिआई सिद्धार्थका अध्यक्ष लेखनाथ भट्टराई, पूर्व अध्यक्षद्वय शुशिल गुरूङ, देबराज न्यौपाने, खेल संयोजक कमल जिशी लगायतले ट्रफी तथा पदक बितरण गरेका थिए ।

# बाढीपीडितलाई राहत जुटाउन कस्सीए प्यूठानीहरू

**न्यूज ओके रिपोर्टर**

भैरहवा ।

गत सोमबारदेखी प्यूठानमा परेको अविरल वर्षाको कारण प्यूठानमा भएको अपुर्णनीय क्षतिप्रति दुखः व्यक्त गर्दै जिल्ला बाहिर रहेका प्यूठानीहरू आहतमा मल्हम लगाउनकोलागी राहत जुटाउने अभियानमा जुटेका छन् ।

प्युठानीहरूको काठमाण्डौंमा भएको छलफलले नेकपा एमालेका उपाध्यक्ष तथा पुर्व उपप्रधान तथा गृहमन्त्री बामदेव गौतमको संयोजकत्वमा उद्धार तथा पुनःस्थापनाकोलागी जनस्तरीय समिती गठन भएकोछ ।

जसको सदस्यमा एमाले नेता विरबहादुर सिंह, नेकपा माओवादी केन्द्रका नेता लिलामणी पोखरेल, नया शक्ति नेपालका नेता नवराज सुवेदी, माओवादी केन्द्रका मणीचन्द्र थापा, एमालेका नेता सुर्य थापा, माओवादी केन्द्रका कृष्णध्वज खड्का, राजमोका नेता तथा सांसद दुर्गा पौडेल, नेकपा माओवादी नेता तथा मन्त्री रेखा शर्मा, एमालेका नेता तथा सांसद धनबहादुर रायमाझी, एमाले नेता तथा सांसद हिराबहादुर के.सी, नेकपा माओवादी केन्द्रका नेता तथा सांसद पुनाराम थापा, नेपाली कांग्रेसका नेता मुक्ति प्रसाद शर्मा, राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष डा. गोविन्द पोखरेल रहेका छन् ।

संयोजक गौतमको नेतृत्वमा गएको टोलीले प्यूठानमा बाढी पहिरोले पुराएको क्षति प्रति प्रधानमन्त्री के.पी शर्मा ओलीको ध्यानकर्षण गराउदैं तत्काल उद्धार, राहत र पुर्नस्थापनाकोलागी सरकारको ध्यानकर्षण गराएको एमाले नेता सुर्य थापाले जानकारी दिए ।

नेताहरूले अहिले सम्म उद्धार तथा राहतमा खटिरहेका सबै निकायका सुरक्षा निकायका सुरक्षाकर्मि तथा राष्ट्रसेवक कर्मचारी र सहयोगी निकायहरूलाई धन्यावाद दिएका छन ।

प्यूठानमा आज विहानदेखी पानी पर्न रोकिएको छ तर फोप्ली, पुजा, अर्खा र रजबारामा बढी धनजनको क्षति भएको नेकपा माओवादी केन्द्र प्यूठानका उपाध्यक्ष रामबहादुर के.सी.ले जानकारी दिए ।













न्यूज ओके राष्ट्रिय साप्ताहिकका लागि अध्यक्षः बिमल सेञ्चुरी, सम्पादक/प्रकाशकः मनोरञ्जन शर्मा, प्रधान कार्यालयः सिद्धार्थनगर नगरपालिका-१३, देवकोटा चोक, भैरहवा, फोनः ९८५७०६२३५२, इमेलः newsok52@gmail.com, URL: www.newsok.com.np